मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ९३ | २०८० साल फागुन ०७ गते सोमबार | Monday 19, February 2024 | सूर्योदयः बिहान ६:३९ बजे | सूर्यास्तः साँझ ५:५९ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## गुरुङका पक्षमा आदेशलाई निरन्तरता



**अनिल पोखरेल**
**राजविराज ।**
सप्तरीको राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङलाई नियमित कामकाजमा अवरोध नगर्न विपक्षीहरूका नाममा अदालतले जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ ।

उच्च अदालत जनकपुर राजविराजका न्यायाधीश कृष्णाप्रसाद सुवेदी र अर्जुन अधिकारीको संयुक्त इजलासले आइतबार राजविराज नगरपालिकाकी कार्यबाहक नगरप्रमुख इसरत परविनसहित विपक्षीहरूका नाममा फागुन २ गते जारी अल्पकालीन आदेशलाई स्वतः निरन्तरता दिन अर्को आदेश जारी गरेको हो ।

अन्तरिम आदेशको छलफलको पेशी तोकिएको मितिसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय फिर्ता पठाउने निर्णय कार्यान्वयन नगर्न तथा गुरुङलाई कामकाजमा अवरोध नगर्न, नगराउन कार्यबाहक मेयर परविनसहित विपक्षीका नाममा फागुन २ गते अल्पकालीन अन्तरिम आदेश जारी गरिएको थियो ।

आफूलाई नगरपालिकाले कानुनविपरीत मन्त्रालय पठाउने पत्र थमाएको दाबी गर्दै बदर माग राखी प्रमुख प्रशासकीय अधिकृत गुरुङले उच्च अदालतमा दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीश सुवेदीले गरेको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन न्यायाधीश कार्की र सुवेदीले अर्को आदेश जारी गरेका हुन् । न्यायाधीश कौशलचन्द्र सुवेदीको एकल इजलासले मुद्दाको अन्तिम टुंगो नलागेसम्म नगरपालिकाले गरेको निर्णय कार्यान्वयन नगर्न र प्रमुख प्रशासकीय अधिकृत गुरुङलाई कामकाजमा अवरोध नगर्न विपक्षीका नाममा फागुन २ गते अल्पकालीन अन्तरिम आदेश जारी गरेका थिए ।

गुरुङलाई फिर्ता पठाउनुको आधार, कारण र प्रमाण भए आदेश जारी भएको १५ दिनभित्र नगर प्रमुख आफैँ वा आफ्ना कानुनबमोजिमका प्रतिनिधिमार्फत लिखित जवाफसहित उपस्थित हुन तथा सोबारे विपक्षीहरूलाई जानकारी गराउन आदेशमा भनिएको थियो । गुरुङले नगरपालिकाले आफ्नो क्षेत्र अधिकार नाघेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने निर्णय गरी पत्र थमाएपछि सोको विरुद्ध उच्च अदालत

बाँकी पृष्ठ २ मा

# मुख्यमन्त्री यादवलाई तेश्रोपटक विश्वासको मत



## 'कसैसँग पाँच पैसा लिएको छु ?'

मुख्यमन्त्री सरोजकुमार यादवले आफूले कुनै पनि मन्त्रीको कार्यक्षेत्रमा हस्तक्षेप नगरेको बताउँदै कुनै पनि मन्त्रीलाई काममा दबाब नदिइएको जिकिर गरेका छन् । उनले कुनै पनि मन्त्रीसँग आफूलो पाँच पैसासमेत नमागेको बताए ।

मधेश प्रदेश सभामा मुख्यमन्त्री यादवले राखेको विश्वासको मतको प्रस्तावमाथि उठेको प्रश्नहरुको जवाफ दिनेक्रममा उनले जनताका पक्षमा राम्रो काम गर्न सदैव मन्त्रीहरुलाई प्रोत्साहित गरेको दाबी गरे । उनले मन्त्रीहरुको काममा कहिल्यै पनि हस्तक्षेप नगरेको बताए । उनले संघीयता चारैतिरबाट संकटमा रहेको अवस्थामा राम्रो काम गर्दा मात्रै संघीयता सबल हुने बताए । उनले मन्त्री भएका बेला सबै ठिक, हटेपछि सबै बेठिक भन्ने चिन्तन नै गलत भएको बताउदै सरकारले सीमित साधनस्रोतमा जनताको अपेक्षा पूरा गर्न धेरै काम गरेको बताए ।

उनले भने, 'भनेकै छु, भ्रष्टाचारमुक्त गर्छु, मुख्यमन्त्री कार्यालयमा बजेटै राखेको छैन, सबै बजेट मन्त्रालयहरुमा पठाएको छु ।' यादवले कृषि विश्वविद्यालयले आफैँ निर्णय गरेर उपेन्द्र यादवबाट शिलान्यास गराउने निर्णयमा केही व्यक्तिले तालाबन्दी गरेका कारण अप्रिय अवस्था सृजना भएको बताए । 'सरकारले राम्रो काम केही गरेको छैन' भन्दै उठेका प्रश्नको जवाफमा मुख्यमन्त्री यादवले भने, 'सरकारले केचाहिँ नराम्रो काम गरेको छ र ? सबै योजना यथावतछन्, आउने दिनमा तिव्र गतिका साथ काम अगाडि बढ्नेछ ।' उनले आउने दिनमा सबै बजेट खर्च गरिने बताए । उनले अब सबै दलसँग समन्वय गरेर अगाडि बढिने दोहोर्‍याए ।

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सभाबाट तेस्रोपटक विश्वासको मत पाएका छन् । मधेश सरकारमा सहभागी जनमत पार्टीले माघ ९ गते समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको आज प्रदेश सभामा विश्वासको मतका लागि प्रस्ताव पेस गरेका थिए । आइतबार प्रदेशसभामा उपस्थित १ सय ४ सांसदमध्ये मुख्यमन्त्री यादवका पक्षमा ६९ सांसद उभिए । विपक्षमा ३५ सांसद रहे । दोस्रोपटक विश्वासको मत लिँदा मुख्यमन्त्रीलाई प्रदेशसभाको कुल सांसदको समर्थन थियो । विपक्षमा कोही थिएनन् ।

यसअघि जेठ १ गते मधेश सरकारमा रहेको नेकपा एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले ३० औँ दिनमा जेठ ३० गते दोस्रोपटक विश्वासको मत लिएका थिए । सरकारलाई दिइएको समर्थन कुनै दलले फिर्ता लिए पुनः ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । नेपालको संविधान २०७२ को धारा १८८ को २ मा सरकारलाई दिइएको समर्थन फिर्ता लिएपछि ३० दिनभित्र मुख्यमन्त्रीले जुनसुकै बेला संसद् बैठक आह्वान गरी विश्वासको मत लिनसक्ने प्रावधान छ ।

मधेश प्रदेश सरकारमा एक सय सात प्रदेशसभा सदस्यमध्ये बहुमतका लागि ५४ सदस्यको समर्थन चाहिन्छ । प्रदेशसभामा सबैभन्दा ठूलो दल नेकपा एमालेको २३, नेपाली कांग्रेसको २२ र जनता समाजवादी पार्टी नेपालको १८ सिट छ । सभामा जनमत पार्टीको १३, लोकतान्त्रिक समाजवादी पार्टीको नौ, नेकपा माओवादी केन्द्रको नौ र नेकपा एकीकृत समाजवादी पार्टीको सात, नेपाल सङ्घीय समाजवादी पार्टीको एक, नागरिक उन्मुक्ति पार्टीको एक, राष्ट्रिय प्रजातन्त्र पार्टीको एक सिट र तीन स्वतन्त्र प्रदेशसभा सदस्य छन् ।




**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**क्षीरेश्वरनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महेन्द्रनगर, धनुषा, मधेश प्रदेश**

## मुख्यमन्त्री र सरकारसँग गठबन्धनकै अनेकौँ असन्तुष्टि

सरकारमा सहभागी दलकै नेताहरुले मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारको क्रियाकलापमा अनेकौँ असन्तुष्टि व्यक्त गरेका छन् । मधेश प्रदेश सभामा मुख्यमन्त्री सरोजकुमार यादवले राखेको विश्वासको मतसम्बन्धी प्रस्तावमा बोल्दै सत्तागठबन्धनदेखि विपक्षी प्रदेश सभा सदस्यहरुले असन्तुष्टि जनाएका हुन् ।

नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले तलदेखि माथिसम्म गठबन्धनमा हुँदासमेत अधिकार पाइनँ भनेर आन्दोलन घोषणा गरेको तर आन्दोलन कार्यक्रम एकाएक हराएको भन्दै कटाक्ष गरे । उनले प्रश्न गरे, 'बालुवाटारमा मन्त्री छान्ने दलहरुले संघीयता कमजोर भयो भन्न मिल्छ ?' यादवले आफैँले संघीयताको मर्मविपरीत कार्य गरेर अरुलाई संघीयताविरोधी भन्न नसुहाउने बताए ।

उनले मुलुकमा व्यवस्था परिवर्तन गर्नेहरुविरुद्ध नेकपा एमाले लागेको बताउँदै अन्य पार्टीहरुले यसका विरुद्धसमेत उठ्न नसकेको अवस्थामा मधेशको जनताले आफूहरुलाई मात्रै संघीयता पक्षधर मानेको बताए । उनले नेकपा एमाले सरकारबाट बाहिरिएपछि सरकारको साँचो अन्यतिर पुगेको बताउँदै मुख्यमन्त्रीले वचनअनुसार काम गर्न नसकेको जिकिर गरे । यादवले भने, 'मुख्यमन्त्री पात्र मात्रै हुन्, यसको साँचो अन्यत्रै छ ।' उनले मुख्यमन्त्री यादवले सबैको अभिभावक बन्न नसकेको, कृषि विश्वविद्यालय शिलान्यासमा समेत यस्तो व्यवहार नदेखिएकाले सरकार दलीय मात्रै भएको बताए ।

यादवले बजेटपुस्तिकामा रहेको योजना किनबेच भइरहेको बताउँदै संघीय मन्त्री प्रकाश ज्वालाको घटना सम्झन आग्रह गर्दै प्रदेश सभाका सदस्यलाई अपमानित नगर्न आग्रह गरे । यादवले विकास कार्यमा सरकार जनतालाई अनुभूति हुने गरी कार्य गर्न नसकेको बताउँदै वर्तमान सरकार जनताको पक्षमा काम गर्न नसकेको बताए ।

यस्तै, नेपाली कांग्रेस संसदीय दलका नेता एवम् मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवले जसपा नेतृत्वको सरकारमा आफूहरुसमेत सहभागी रहे पनि धेरै कुरामा सुधार आवश्यक रहेको बताए । उनले मधेश प्रदेश सरकारको क्रियाकलापबाट आफूहरुसमेत सन्तुष्ट हुने अवस्था नरहेको बताउँदै संघीयता बलियो बनाउने कार्यक्रम र योजना ल्याउन नसकेको बताउँदै अहिले संघीयता बोझ भयो भनेर आवाजसमेत उठन थालेको बताए । यादवले सरकारको यस्तै अवस्था रहे आउने दिनमा बोक्न नसकिने बताउदै गुण र दोषका आधारमा हिँडनुपर्ने अवस्था आउनसक्ने बताए । यादवले मुख्यमन्त्रीले आफ्नो आचरणमा सुधार आवश्यक रहेको बताए ।

जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले संघीयताको प्रयोग जुनरुपमा हुनुपर्ने हो, त्यसअनुसार हुन नसकेको बताए । माथिबाट आउने आदेश मात्रै पालना गरिने कारण संघीयता बलियो बन्न नसकेको उनले बताए । उनले आफ्नो पार्टीबाट कृषि मन्त्रालयमा रहेको वसन्त कुशावाहाले राम्रो काम गर्न थालेपछि कृषकमा उत्साह बढेको तर सरकारले काम गर्न नदिएको आरोप लगाए ।

यादवले जनताका पक्षमा काम गर्न थालेपछि जनमतका मन्त्रीलाई विनाविभागीय मन्त्री बनाउँदै कृषि मन्त्रालय खोसिएको बताए । उनले मन्त्रिपरिषद्मा प्रस्ताव नल्याइकनै मन्त्रालय विभाजन गरिएको, आफूहरुसँग विनासल्लाह मन्त्रालय विभाजन गरिएको र यसले सरकार मनोपोली हिसाबले चलेर मन्त्रालय नै अस्तव्यस्त पारिएको बताए ।

यादवले कृषि विश्वविद्यालयका नाममा मुख्यमन्त्रीले बल मिच्याइँ गर्नु गलत रहेको बताउँदै आफ्नैअगाडि मन्त्री र प्रदेश सभा सदस्यलाई लाठीचार्ज गराउने सरकारले जनतालाई शान्तिसुरक्षा दिने कल्पना मात्रै

बाँकी पृष्ठ २ मा

# संकटमा एनआइसी एसिया बैंक, ५१ शाखा बन्द




**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो समय अनेक विवादमा फसेको एनआइसी एसिया बैंक लगातार संकटमा पर्दै गएको छ । उसले समाचारको खण्डन गरेर ढाकछोपको प्रयास गरे पनि समस्यामा पर्दै गएको लुक्न सकेको छैन ।

एनआइसी एसिया बैंकको शाखा बन्दको विवरणबारे राष्ट्र बैंकका अधिकारीहरुले उपलब्ध गराएको विवरणले बैंकको खण्डन झुटो सावित भएको हो ।

राष्ट्र बैंकका अधिकारीले दिएको जानकारीअनुसार बैंकले २०८० वैशाख १ यता फागुन ६ गतेसम्म ५१ शाखा बन्द गरिसकेको छ । राष्ट्र बैंकका अधिकारीका अनुसार, वैशाख महिनामा बैंकका ४ शाखारहित बैंकिङ सेवा बन्द भएको छ भने जेठमा बैंकले शाखारहित सेवा र विस्तारित शाखा काउन्टर गरी १७ ठाउँबाट सेवा बन्द गरेको छ ।

यस्तै, बैंकले साउन महिनामा समेत चलिरहेका ४ ठाउँबाट आफ्नो सेवा बन्द गराएको राष्ट्र बैंकका अधिकारीको भनाई छ ।

यस्तै, कार्तिक महिनामा ४ ठाउँको सेवा बन्द गरेको बैंकले माघमा ५ ठाउँको सेवा बन्द गरेको छ । फागुन ५ गतेसम्म आइपुग्दा बैंकको ५१ ठाउँमा रहेका शाखारहित बैंकिङ सेवा र विस्तारित शाखा काउन्टर बन्द गरिसकेको राष्ट्र बैंकको भनाई छ ।

नेपाल बैंकर्स संघले उपलब्ध गराएको निक्षेप विवरणअनुसार एनआयसी एसियाको पुसमा ३ खर्ब ८१ अर्ब ४० करोड रुपैयाँ रहेकामा माघमा भने ३ खर्ब ६७ अर्ब ६८ करोडमा खुम्चिएको छ । अर्थात् एक महिनामै बैंकका निक्षेपकर्ताले रकम असुरक्षित ठानेर १४ अर्ब रुपैयाँ निकालेका छन् ।

# निस्क्रिय अन्तर्राष्ट्रिय विमानस्थलले बढायो चिन्ता




**मधेशदृष्टि**
**वीरगंज ।**
नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान तत्काल सुरु गर्न माग गर्दै सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत पोखरावासीले दबाब दिएका छन् । राष्ट्रिय एकता अभियान र स्वतन्त्र पत्रकार संघ कास्कीको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा विमानस्थललाई पूर्ण क्षमताअनुरूप सञ्चालन गर्न विभिन्न सरोकारवालाले सरकारलाई आग्रह गरे ।

अभियानका संयोजक विनय यादवले विमानस्थल निर्माणमा पोखराबासीको उल्लेख्य लगानी रहेको बताउँदै विमानस्थलको हालको अवस्थाप्रति निराशा व्यक्त गरे । उनले विमानस्थल पूर्ण सञ्चालनको आवश्यकता रहेको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराए । सुनावाईमा प्रमुख वक्ताका रूपमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केद्रीय अध्यक्ष आनन्दराज मुल्मी, विश्लेषक युगनाथ शर्मा पौड़ेल, पर्यटन विशेषज्ञ वासुदेव त्रिपाठी, समाजसेवी कुमार राना, पत्रकार महासंघ कास्कीकी जिल्ला अध्यक्ष बिमला भण्डारीलगायतले बोलेका थिए ।

स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमले कार्यक्रममा विभिन्न आवाज सुनिने र सरोकारलाई प्रभावकारीरूपमा सम्प्रेषण गर्ने सुनिश्चितता गर्दै कार्यक्रम सञ्चालन गरेका थिए । पोखरावासीको सामूहिक सन्देश स्पष्ट थियो कि 'अन्तर्राष्ट्रिय विमानस्थलको निस्क्रियता अस्वीकार्य हुने र यसको सञ्चालनमा बाधा पु¥याउने तत्वलाई सम्बोधन गर्न तत्काल कदम चाल्नु आवश्यक छ ।' जनवरी २०२३ मा विमानस्थलको औपचारिक उद्घाटन भए पनि अन्तर्राष्ट्रिय उडान भएको छैन । विमानस्थल निर्माणका लागि लिइएको ऋणबारेसमेत स्थानीय मात्र नभई पूरा देश चिन्तित रहेको छ । राष्ट्रलाई परेको आर्थिक भार कम गर्दै चीनबाट लिइएको ऋणलाई अनुदानमा परिणत गर्न वक्ताहरूले सरकारलाई आग्रह गरेका थिए । त्यस्तै, एयरपोर्टको निर्माण प्रक्रियामा भ्रष्टाचार भएको आरोपबारेसमेत आवाज उठाउँदै वक्ताहरूले पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न गहन छानबिनसमेत माग गरेका छन् ।

# मेलम्ची आयोजनामा भ्रष्टाचार

# पूर्वसचिवसहित १५ जनाविरुद्ध मुद्दा दायर







**रासस**
**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार गरेको अभियोगमा पूर्वसचिवहरूसहित १५ जनाविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । मेलम्ची खानेपानी आयोजनाको निर्माण कम्पनी सिएमसीलाई काम नै नगरी भुक्तानी गरेको पाइएकाले परामर्शदाता तथा निर्माण कम्पनीमाथि सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको पाइएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ । आयोगले पूर्वसचिव सञ्जय शर्माविरुद्ध छ करोड ९७ लाख ८३ हजार एक सय ७८ रुपैयाँ, सहसचिव मुकुन्दप्रसाद पौडेलविरुद्ध पनि समान बिगो दाबी गरेको छ ।

खानेपानी मन्त्रालयका तत्कालीन सचिव भीमप्रसाद उपाध्याय विरुद्ध चार करोड ११ लाख ३४ हजार दुई सय ७९ रुपैयाँ बराबरको बिगो दाबी गरिएको छ ।

खानेपानी मन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुरविरुद्ध ६० करोड ४९ लाख १९ हजार आठ सय ८४ रुपैयाँ बराबरको बिगो दाबी गरिएको छ । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङविरुद्ध ११ करोड नौ लाख १७ हजार चार सय ५८ रुपैयाँ बराबरको बिगो दाबी गरिएको छ । आयोगले मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य चन्द्रबहादुर थापाविरुद्ध ७१ करोड ५८ लाख ३७ हजार छ सय ४३ रुपैयाँ, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक घनश्याम भट्टराईविरुद्ध २२ करोड ७५ लाख १९ हजार आठ सय ९६ रुपैयाँ बराबरको बिगो दाबीका मुद्दा दायर गरेको छ ।

मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक रामचन्द्र देवकोटा विरुद्ध ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ रुपैयाँ बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक सूर्यराज कँडेलविरुद्ध ८९ करोड आठ लाख ९८ हजार दुई सय ८५ रुपैयाँ, समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपानेविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ रुपैयाँ, लेखा अधिकृत रामचन्द्र न्यौपानेविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ रुपैयाँ बराबरको बिगो दाबी गरिएको छ । तत्कालीन उपसचिव बेगनाथ पौडेलविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ रुपैयाँ, तत्कालीन उपसचिव केदारप्रसाद अर्यालविरुद्ध ४४ करोड ७३ लाख ७३ हजार ७२ रुपैयाँ, समितिका उपकार्यकारी निर्देशक भोजविक्रम थापाविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ रुपैयाँ बराबरको बिगो दाबी गरेको छ ।

परामर्शदाता कम्पनीका 'डिपुटी टिम लिडर' शिवकुमार शर्माविरुद्ध ४८ करोड ३६ लाख सात हजार पाँच सय ८० रुपैयाँ, परामर्शदाता कम्पनी इप्टिसालाई ८७ करोड ५८ लाख ८३ हजार तीन सय ६० रुपैयाँ र निर्माण कम्पनी सिएमसीलाई ६५ करोड १४ लाख ५७ हजार चार सय १० रुपैयाँ बराबरको बिगो दाबी गर्दै आइतबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

# नारायणपुरका असईले कमिसन असुल्ने गरेको खुलासा

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको प्रहरी चौकी नारायणपुरका प्रमुख असई संजीव राय यादव कमिसनको खेलमा लागेर तस्करहरुसँग मिलेको पाइएको छ । प्रहरी चौकी नारायणपुरका प्रमुख असई यादवले नेपाल भारत सिमा क्षेत्रबाट भन्सार छली तस्करी गरी विभिन्न किसिमका सामानहरु ल्याउने तस्करहरुबाट २५ हजार रुपैयाँ कमिसन असुल्ने गरेको पाइएको हो । सिमा प्रहरी चौकी संग्रामपुरका असई मनोज कुमार यादव कमिसन असुली काण्डमा मुछिएर निलम्बन भएको केही समयपछि कमिसन असुल्न माहिर मानिएका प्रहरी चौकी नारायणपुरका प्रमुख असई यादवले तस्करसँग २५ हजार रुपैयाँ कमिसन असुलेको खबर बाहिरिएको हो ।

प्रहरी चौकी नारायणपुरका प्रमुख असई यादवले बिहीबार स्थानीय तस्करहरूको सामान कमिसन बुझेर छाडि दिएका प्रहरी स्रोतको दाबी छ । भारतीय तस्कर दिवेश पाठक, श्रीनगरका कैलाश साह, मोहन साह र अरुण साह समेतले भारतबाट अवैध तरीकाले भन्सार छली नेपाल भित्र्याएको करिब दुई लाख बराबरको कपडा, काजु र सुर्तीजन्य पदार्थसहित मोटरसाइकल नियन्त्रणमा लिएर २५ हजार रुपैयाँ कमिसन असुलेर छाडेको एक प्रहरी अधिकारीले बताए । प्रहरी चौकी नारायणपुरका प्रमुख असई यादवसँग समन्वय नै नगरी तस्करहरूले सो नाका प्रयोग गरी सामान ल्याउन थालेपछि सामान पक्राउ गरेर कमिसन असुल्दै छाड्दै गर्न थालिएको पाइएको प्रहरी स्रोतको दाबी छ । तर, प्रहरी चौकी नारायणपुरका प्रमुख असई यादवसँग बुझ्दा उनले उक्त आरोपलाई अस्वीकार गर्दै 'आफूले तस्करहरूसँग एक रुपैयाँ पनि कमिसन नलिएको' दाबी गरे । उनले आफूले तस्करहरूलाई रोकेर आफ्नो नाकाबाट अवैध रुपमा सामानको ओसारपसार नगर्न सम्झाएको प्रतिक्रिया समेत दिए ।

# राजश्व छलीमा करदाता सेवा कार्यालयमाथि नै आशंका

**एसपी गौरव**
**सर्लाही ।**
सर्लाहीको पर्सा गाउँपालिका वडा नम्बर ६ मा रहेको सरोज भण्डारी फूल नर्सरी कट फ्लावर्स होलसेल सप्लायर्सले राजश्व छली गरेको पाइएको छ ।

पर्सा घर भएका सन्तोष भण्डारीले आफ्ना भाई सरोज भण्डारीको नाममा दर्ता गरेको सरोज भण्डारी फूल नर्सरी कट फ्लावर्स होलसेल सप्लायर्सले राजश्व छली गरेको पाइएको हो । ६१५८४२९८९ नम्बर भएको प्यान बिल काट्दा कार्पन (ओसी) नराखी बिल काटेर हचुवाको भरमा अन्दाजी वार्षिक करोबार देखाई आर्थिक वर्ष २०७९/०८० को करचुक्ता लिएको पाइएपछि सो फर्मले सरकारी राजश्वमा हानी नोक्सानी पुर्याएको प्रमाणित भएको हो । सो फर्मका सञ्चालक भण्डारीले सर्लाही र महोत्तरीका विभिन्न नाका प्रयोग गरि आफ्ना भारतीय फूल नेपाल भित्र्याउने र सोही बिल काटेर काठमाडौँसम्म पठाउने गरेका पाइएको छ । सरोज भण्डारी फूल नर्सरी कट फ्लावर्स होलसेल सप्लायर्स पर्सा गाउँपालिका वडा नम्बर ६ को नाममा रहेको ६१५८४२९८९ प्यान नम्बर भई काटिएका केही बिलका ठेलीहरु प्राप्त भएपछि सो फर्मको बिल ठेलीहरु र करचुक्ता अध्यायन गर्ने क्रममा राजश्वमा हानी नोक्सानी पुर्याएको पाइएको हो । बिलका ठेलीहरुको र कारोबारको एकिन नगरी करचुक्ता दिनुले राजश्व छलीमा करदाता सेवा कार्यालय मलंगवाको समेत मिलेमतो रहेको आशंका गरिएको छ ।

सो फर्मले आर्थिक वर्ष आर्थिक वर्ष २०७९/०८० मा ३० लाख रुपैयाँ करोबार गरेको भन्दै दुई हजार पाँच सय रुपैयाँ कर दाखिला गरेर करचुक्ता लिएको छ । करचुक्ता प्रमाणपत्र नम्बर ८०३८६७२४४ रहेको करचुक्ता प्रमाणपत्र २०८० पुस १८ गते सो फर्मले पाएको हो । प्राप्त सो फर्मको आर्थिक वर्ष २०७८/०७९ को करचुक्ता प्रमाण पत्रमा पनि वार्षिक करोबार ३० लाख रुपैयाँ नै राखिएको र छ सय २५ रुपैयाँ कर दाखिला गरेको करचुक्ता प्रमाण पत्र नम्बर ८०३८६७२४३ रहेको करचुक्ता प्रमाण पत्र पनि प्राप्त भएको छ । दुबै वर्ष सो फर्मले वार्षिक ३०/३० लाख रुपैयाँ करोबार गरेको देखाएको भएपनि दाखिला गरेको रकममा करिब दुई हजार फरक देखिएको छ । २०८० पुस १७ गते कर चुक्ता गरेको भन्दै २०८० पुस १८ गते दुवै आर्थिक वर्षको करचुक्ता प्रमाण पत्र प्रदान गरिएको पाइएको छ । प्राप्त सो फर्मको प्यान बिल ठेलीमा कुनै पनि क्रमागतका साथै चालु आर्थिक वर्षको मात्रै नभई विगत दुई आर्थिक वर्षको समेत एउटै ठेलीमा बिल काटेको र कार्पन (ओसी) नराखी बिल काटेको पाइएको हो । सो सम्बन्धमा बुझ्न सो फर्मका सञ्चालक सन्तोष भण्डारीलाई फोन गर्दा सम्पर्क हुन सकेन् । उनी विगत लामो समयदेखि भन्सार छली भारतीय फूल तथा नर्सरी नेपाली बजार ल्याउँदै आएका व्यापारी हुन् ।

# गुरुङका पक्षमा...

जनकपुर राजविराज इजलासमा रिट दायर गरेको बताए । उनले नगरपालिकाको निर्णय कानुनविपरीत रहेको दाबीसहित उच्च अदालत जनकपुर राजविराज इजलासमा उत्प्रेषणको रिट दायर गरेका थिए । प्रमुख प्रशासकीय अधिकृत गुरुङले नगरपालिकामा कार्यरत ४ कर्मचारीलाई कार्यपालिकाको बहुमतले हटाउने निर्णय भएको तर कार्यबाहक नगरप्रमुख इसरत परविन नहटाउने पक्षमा जाँदा त्यसको चेपुवामा आफू परेको बताए । 'चार कर्मचारीलाई कार्यपालिकाको बहुमतले हटाउन चाहेको तर, कार्यबाहक नगर प्रमुखले राख्नु पर्छ भन्नुभयो,' उनले भने, 'पछि दुवै पक्ष मिलेर मलाई नै फिर्ता पठाउने निर्णय गरे ।' नगरपालिकाको निर्णयविरुद्ध उत्प्रेषणको मुद्दा दर्ता गराइएको र विपक्षीका नाममा अल्पकालीन अन्तरिम आदेश जारी भइसकेको तथा अन्तरिम आदेशका लागि फेरि फागुन १० गते पेशी तोकिएको प्रमुख प्रशासकीय अधिकृत गुरुङले जानकारी दिए ।

गुरुङलाई मन्त्रालय फिर्ताको निर्णय गरेको नगरपालिकाको सक्कलै फाइल फिर्ता हुने गरी पेशीको दिन देखाउन विपक्षीबाट झिकाउनसमेत उच्च अदालतले गरेको आदेशमा उल्लेख छ । विपक्षीका तर्फबाट वरिष्ठ अधिवक्ता सुरेन्द्र प्रसाद यादव, नवराज कुमार क्षेत्री, शिव कुमार चौधरी, अधिवक्ता रमेश बहादुर थापा, मो. समिम अख्तर अलि, हेम नारायण चौधरी, बालकिशोर यादव, श्याम नारायण साह, हरेराम यादव, रामप्रसाद चौधरी, सुरेन्द्र प्रसाद यादव, रमानन्द साह, भरत यादव, पुण्य प्रसाद यादव, धर्मेन्द्र प्रसाद यादव र उमाशंकर देवले बहस गरेका थिए । कार्यबाहक नगरप्रमुख इसरत परविनको अध्यक्षतामा २०८० माघ १९ गते बसेको कार्यपालिका सदस्यको बैठकले फिर्ता पठाउने निर्णय भएको गुरुङको नाममा नगरपालिकाले लेखेको पत्रमा उल्लेख छ ।

माघ २२ गते लेखिएको पत्रमा 'फागुन १ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय फिर्ता गरिएको व्यहोरा अनुरोध छ,' नगर प्रमुखको हस्ताक्षर रहेको पत्रमा भनिएको छ । गुरुङले सदस्य सचिवको उपस्थितिविना हुने बैठकको निर्णयको औचित्यता नहुने भन्दै निर्णय अवैधानिक भएको दाबी गर्दै आएका छन् । गुरुङ २०८० भदौ २५ गते राजविराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रुपमा आएका थिए ।

# मुख्यमन्त्री र सरकारसँग गठबन्धनकै...

हुने बताए । यादवले छोरी वीमाको पैसासमेत तिर्न नसकेर वीमा अलपत्र पारेको आरोप लगाए ।

लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेश सभा सदस्य उपेन्द्र महतोले सरकारले विश्वासको मत माग्दा मुख्यमन्त्रीले आफनो रिपोर्ट कार्ड पेश गर्नु पर्ने तर यति पनि गर्न नसकेको बताए । महतोले केन्द्रमाथि आरोप लगाएर सरकार उन्मुक्त हुन नसक्ने बताउदै पाइएको बजेटसमेत खर्च गर्न नसकेको बताए । उनले आएको बजेट खर्च समेत बढाउन नसकेका कारण समस्या आएको बताउँदै सरकारलाई संघीयतामैत्री बनाउन मात्रै समर्थन गरेको तर सरकार लाज पचाएर बसेको बताए । उनले भने, 'जसपाले सरकार सात वर्षसम्म नेतृत्व गरिरहेको छ तर उपलब्धि केही छैन, आफ्नै मन्त्रीमाथि लाठीचार्ज गराउनुहुन्छ, त्यसका लागि हामीले संघीयता ल्याएको होइनौँ, सरकारको रवैया देखेर निकै पीडा हुन्छ ।'

महतोले सरकारले समयमा बजेट खर्च नगर्ने र अन्तिम समयमा बजेट खर्च गर्ने क्रममा बजेट फ्रिज हुने गरेको बताए । उनले मन्त्रीहरुको क्षेत्रमा मात्रै योजना खन्याउने गरिएको बताउँदै सरकार प्रदेशको विकासमा गम्भीर बन्न आवश्यक रहेको बताए । महतोले व्यक्तिगतरुपमा सरकारको कामबाट सन्तुष्ट नरहेको बताउँदै तर कहीँ सरकार फेरि सुध्रिहाल्छ कि भन्ने आशाका साथ समर्थन दिइएको बताए ।

नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साहले संघीयताका लागि गरेको संघर्षको मुख्य कुरा पहिचान र अधिकार स्थापित गराउन मात्रै भएको बताउँदै मधेश प्रदेशबाहेक कुनै पनि प्रदेशले अधिकार र पहिचानको मुद्दा स्थापित गराउन नसकेको बताए ।

उनले भने, 'पहिचान र अधिकारको मुद्दा स्थापित गराउनेक्रममा हाम्रो आचरण संघीयताअनुसार नभए हामीले संघीयता बलियो बनाउन सक्दैनौँ, त्यसकारण सरकारले समेत आचरणमा सुधार ल्याउन आवश्यक छ ।' उनले सरकारले गठबन्धनलाई नै बाइपास गरेर हिँड्ने गरेका कारण नै यो अवस्था सृजना भएको बताए । उनले गठबन्धनको बैठक बसेर समस्याको निकास खोजिएको भए 'सप्तरी घटना' नै नहुने तर सरकारले यसमा चुकेको बताए ।

नेकपा एकीकृत समाजवादी पार्टीका प्रदेश सभा सदस्य एवम् कृषिमन्त्री गोविन्द बहादुर न्यौपानेले मुलुकमा रहेको गठबन्धनको सरकार लोकतन्त्र र संविधान जोगाउनका लागि आवश्यक रहेकाले वर्तनमान गठबन्धनमा सहभागी बनेको बताए । उनले भने, 'संविधान रक्षाका लागि नेपालमा गठबन्धनको जरुरी छ । चाहे केन्द्रमा होस चाहे प्रदेशमा ।' न्यौपानेले संघीयता आएको धेरै समय नभएकाले जनताको सम्पूर्ण अपेक्षा पूरा गर्न समय लाग्ने र सरकारले जनताको आकांक्षाअनुसार नै कार्य गरिरहेको बताए ।

नेपाल संघीय समाजवादी पार्टीका प्रदेश सभा सदस्य बिमला अन्सारीले वर्तमान सरकारलाई विगतमा समेत विश्वासको मत दिएको बताउँदै पार्टीको चाहना मधेशी जनताको भावना र चाहनाअनुसार सरकार हिँडनुपर्नेमा जोड दिइन् । उनले मधेशी जनताले अहिले पनि सुशासन अनभूति गर्न नपाएको बताउँदै यसका लागि सरकार गम्भीर बन्नुपर्नेमा जोड दिइन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेश सभा सदस्य कञ्चन विच्छाले योजना समानरुपमा वितरण हुनुपर्नेमा जोड दिँदै योजना समयमा सम्पन्न गर्न नीतिसमेत सरकारले बनाउनुपर्नेमा जोड दिए । त्यसैगरी, नागरिक उन्मुक्ति पार्टीका उर्मिला सिंहले बजेट र योजना समान ढंगले सञ्चालन गर्नुपर्नेमा जोड दिइन् । उनले सरकारले सबै क्षेत्र र पार्टीलाई समान आधारमा बजेट र कार्यक्रम दिनुपर्नेमा जोड दिइन् ।

स्वतन्त्र प्रदेश सभा सदस्य प्रमोद जयसवालले अरु प्रदेश भन्दा मधेश प्रदेश फरक प्रदेश रहेको बताए । उनले संविधान जारी भएर प्रदेश निर्माण भएको बताउँदै मधेश प्रदेशले रगत बगाएको कारण मधेश प्रदेशको पृथक पहिचान रहेको बताए । उनले विकास र समृद्धिको इतिहास बनाउने मौका रहेका कारणसमेत पद खोज्ने र काम नगर्ने पात्रलाई बदल्न पनि सरकारको ध्यान जान जरुरी रहेको बताए ।

# चैते धान खेतीप्रति किसानको आकर्षण



**मधेशदृष्टि**
**बारा ।**
बारा, पर्सासहित तराईका जिल्लाहरुमा चैते धान खेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । अहिले चैते धान बालीको बीउ राख्ने समय भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत किसानलाई ५० प्रतिशत अनुदानमा धानको उन्नत जातको बीउ उपलब्ध गराएपछि पर्सा, बारामा चैते धान खेती गर्ने किसानको संख्यामा वृद्धि भएको छ । पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ५ निचुटामा आइतबार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत चैते धान जोन प्राविधिक एकाई कार्यालय पर्सामा सुचिकृत जोतपूर कृषि सहकारी संस्था लिमिटेड पटेर्वासुगौलीको आयोजनामा कृषि सहभागितात्मक व्यवसायिक प्रविधि प्रदर्शनी धान मेशिनबाट रोपाईको लागि नर्सरी बेड निर्माण गरिएको छ ।
किसानहरुको चैते धानप्रति अकर्षण बढ्दै गएपछि यसलाई व्यवसायिक र उचित प्रविधिको प्रयोग गरी बढी मुनाफा आर्जन गर्ने तरिकाले किसानहरुलाई चैते धानको ब्याड राख्न प्रशिक्षण दिइएको चैते धान जोन प्राविधिक एकाई कार्यालय पर्साले जनाएको छ ।
पर्सा जिल्लामा अहिले ठोरी, पटेर्वासुगौली, सखुवाप्रसौनी, जीराभवानी गाउँपालिका र पर्सागढी नगरपालिकाका अधिकांश क्षेत्रमा चैते धान खेती गरिदै आएको छ । बर्खे धानबालीको तुलनामा चैते धानको मूल्य किसानले उचित पाउने र छोटो समयमा धानसमेत उत्पादन हुने हुँदा यसतर्फ किसानहरु आकर्षित भएको जितपुर कृषि सहकारी संस्था पटेर्वासुगौलीका दिपक यादवले जानकारी दिए । चैते धान चिउरा र भुजाको उत्पादनका लागि उपयोगी हुने भएकाले विगतका बर्षहरुमा भारतबाट ठूलो परिणाममा चैते धान आयात भइरहेको र नेपालमै यसको व्यवसायिक उत्पादन गरी भारतबाट आयात गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने अभियानमा स्थानीय प्रदेश र संघीय सरकार जुट्नुपर्नेमा किसानहरुले जोड दिएका छन् ।

# जेलबाट रिहा भएपछि मटिहानी मठ पुगे महन्त दास



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भैरहवा कारागारबाट रिहा भएर आइतबार मटिहानीका महन्त जगन्नाथ दास वैष्णव मटिहानी मठ पुगेका थिए । मटिहानीका मेयर हरिप्रसाद मण्डल, साधु–संत तथा स्थानीयले महन्त जगन्नाथ दासलाई माला लगाएर स्वागत गरेका थिए । रुपन्देही जिल्लाका सहायक प्रमुख अधिकृतको नक्कली दस्तखत गरी बैंकबाट ७० लाख रुपैयाँ निकालेको आरोपमा १४ महिना जेल सजाय भोगेका महन्त जगन्नाथ दास जेलमुक्त भएपछि मटिहानी पुगेका हुन् । फागुन २ गते रुपन्देही जिल्ला अदालतका न्यायाधीश डा श्री प्रकाश उप्रेतीको इजलासले महन्त जगन्नाथ दास वैष्णवलाई निर्दोष साबित गरेको थियो ।

# संघीयता बलियो बनाउन पत्रकारिता मजबुत हुनुपर्छः सभामुख

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संघीयतालाई बलियो बनाउन पत्रकारिता जगतलाई बलियो बनाउनुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय समाचार समितिको ६३ औँ वार्षिकोत्सवको उपलक्ष्यमा मधेश प्रदेश कार्यालयले आइतबार जनकपुरधाममा आयोजना गरेको ‘सङ्घीयतामा पत्रकारिता र रासस’ विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उनले पत्रकारिता जगतमा भएको कमी कमजोरीहरूलाई सुधार गर्दै देश, जनता तथा संविधानको पक्षमा जिम्मेवार बन्न आवश्यक भएको बताए । उनले राष्ट्रिय समाचार समिति आफैँमा समाचारको ठूलो श्रोत रहेको बताउँदै यसका समाचारहरू जहिले पनि सत्य तथ्यमा आधारित भएको जनविश्वासलाई अगामी दिनमा अझ बढी बलियो बनाउँदै लगिने विश्वास व्यक्त गरे ।
जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले नेपालको पत्रकारिता शहर केन्द्रित हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै गाउँका जनताको पीडा तथा जनजीविका विषयमा बढी समाचार बाहिर ल्याउन आवश्यक रहेको बताए । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले राससलाई जनकपुरधामबाट मैथिली भाषाको समाचार सेवा दिन आवश्यक संसाधन जुटाउन सहयोग गरिने प्रतिबद्धता जनाए । नगरप्रमुख साहले राससबाट मैथिली भाषामा समाचार सेवा सुरु गर्न रासससँग उपमहानगरले सैद्धान्तिक सहमति गरिसकेकाले अब चाँडै त्यसलाई अन्तिमरूप दिइने बताए । धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले पत्रकारले हतारमा समाचार सम्प्रेषण गर्ने दौडमा सत्यतथ्यलाई बिर्सन नहुनेमा जोड दिए ।
मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार सीताराम अग्रहरि, मधेश आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रिंकु गायत्री मिश्र र धनुषा शाखा अध्यक्ष मोनिका झासहितका वक्ताले शुभकामना दिएका थिए । रासस मधेश प्रदेश कार्यालयका प्रमुख टिकाराम सुनारको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# अठार हजार बालबालिकालाई दादुराको खोप लगाइने

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको लालबन्दी नगरपालिकाले नगर भित्रका १८ हजार बढी १५ वर्षमुनिका बालबालिकालाई दादुरा रुबेलाविरुद्धको खोप लगाइने भएको छ । नगरभित्रका सबै १७ वडाका गरी १८ हजार दुई सय २६ जना बालबालिकालाई फागुन १६ गतेदेखि दादुरा रुबेला विरुद्धको खोप लगाउने तयारी गरिएको नगर स्वास्थ्य शाखाका प्रमुख मुमताज मिक्रानीले जानकारी



दिए ।
उनका अनुसार नगर भित्रका सबै सरकारी स्वास्थ्य संस्थाहरुमा फागुन १६ गतेदेखि २२ गतेसम्म खोप सेवा सञ्चालन गर्न लागिएको हो ।
नगरपालिकालाई दादुरा रुबेला खोपमुक्त बनाउने भन्दै अभियानकै रुपमा खोप सेवा सञ्चालन गर्ने तयारी गरिएको नगरप्रमुख बासुदेव अधिकारीले बताए ।
उनले नगरपालिकाको एकल प्रयासबाट मात्रै यो अभियान सम्भव नभएकोले सबैले साथ दिन आग्रह गरे । लालबन्दी नगरपालिकाले दादुरा रुबेला खोप अभियान नै बनाएर नगरपालिकाका सबै १७ वटै वडामा नौ महिनादेखि १५ वर्ष मुनिका बालबालिकालाई दादुरा रुबेला खोप लगाउने अभियान सञ्चालन गर्न लागेको हो ।

# कर्फ्यु बढाइयो, नेताकार्यकर्ता खटाइने

**सञ्जय मिश्रा**
**रौतहट ।**
ईशनाथ नगरपालिकामा कर्फ्यु अवधिमै उच्श्रृंखल गतिविधि भइरहेपछि स्थानीय प्रशासनले कर्फ्यु कायम राखेको छ । ईशनाथ–७ घिउरा गाउँमा सरस्वतीको मूर्ति सेलाउने विषयमा दुई समुदायबीच झडप हुँदा स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको हो । सरस्वतीको मूर्ति सेलाउन लैजाने समूहमाथि शनिबार घिउरामा मुस्लिम समुदायले घरको छतबाट ढुङ्गा हान्दा स्थानीय कार्तिकेश ठाकुरलगायतका स्थानीय घाइते भएका थिए ।
झडपमा मुस्लिमतर्फ पनि घाइते भएको तर घाइतेको संख्या यकिन हुन नसकेको प्रहरीले बताएको छ । स्थिति नियन्त्रणमा ल्याउने प्रयासका लागि मधेश प्रदेश प्रहरी प्रमुख डिआइजी यज्ञविनोद पोखरेल, सशस्त्रका डिआइजी दीपेन्द्र साहसमेत घटनास्थल पुगेका थिए । स्थिति नियन्त्रणमा लिन सिडिओ हिरालाल रेग्मीले सूचना जारी गर्दै शनिबार साँझ ५ बजेदेखि लागू हुनेगरी कर्फ्यु आदेश जारी गरेका थिए ।
कर्फ्यु अवधिमा पनि उच्चश्रृंखल गतिविधि कायम रहेपछि स्थानीय प्रशासनले कर्फ्यु कायम राखेको छ । घटनास्थल वरपर प्रहरी, सशस्त्र प्रहरीसहित ७ सय सुरक्षाकर्मी परिचालन गरिएको छ ।

*आइतबार साँझ जिल्ला प्रशासन कार्यालय रौतहटमा सिडिओ हीरालाल रेग्मीको अध्यक्षतामा सुरक्षाकर्मीको बैठक बसेर दलका स्थानीय नेता कार्यकर्तालाई संयमित बनाउन र स्थिति सामान्य बनाउने काममा परिचालन गर्ने निर्णय भएको छ । मधेश प्रदेश प्रहरी प्रमुख डिआइजी यज्ञविनोद पोखरेल, सशस्त्रका डिआइजी दीपेन्द्र साह, अनुसन्धानका संजय यादवसहित रौटहटका प्रहरी र सशस्त्र प्रहरीका एसपी सम्मिलित बैठकमा रौटहटका विभिन्न पार्टीका प्रमुख तथा प्रतिनिधि पनि सहभागी थिए । सर्वदलीय, सर्वपक्षीय बैठकमा दलका प्रतिनिधिहरुले ईशनाथमा भएको घटना र विकसित गतिविधिमा पार्टीका स्थानीय नेता कार्यकर्ता, जनवर्गीय संगठनले संयमता अपनाउने, स्थानीय सर्वसाधारणलाई सम्झाइबुझाइ गरेर घटना मत्थर बनाउन पहल गराउने र घटनामा पक्ष विपक्षमा उभिन नदिई शान्ति कायम गराउन सक्रिय हुने निर्णय भएको एसपी महेन्द्रले श्रेष्ठ बताए ।*

कर्फ्यु अवधिमै आइतबार केही उचश्रृंखल युवाको समूहले ईशनाथ नगरपालिका औरैया गाउँमा रहेको मस्जिदको माइक (हरन ) खोलेका थिए । मस्जिदमाथि रहेको माइक खोल्दा पुनः अवस्था तनावग्रस्त हुनसक्ने भएकाले प्रहरीले सजगता अपनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी एलिजा गिरीले घटनाको पुष्टि गर्दै संलग्नको खोजी भइरहेको बताइन् ।
कर्फ्यु अवधिमै थप साम्प्रदायिक विवाद बढ्ने सम्भावनालाई मध्यनजर गर्दै सिडिओ रेग्मीले आइतबार सूचना जारी गर्दै बन्जरहा नगरपालिका वडा २,३,४,५, ६ र ७ मा समेत अनिश्चितकालीन कर्फ्यु जारी गरेका छन् । पूर्वमा बन्जरहा मोड, हनुमान मन्दिर, पश्चिम सानो घिउरा, उत्तर रामपुर खाप र दक्षिणमा सशस्त्र प्रहरी आउट पोस्ट बोर्डर औरैयादेखि जयनगरसम्म चारकिल्लामा कर्फ्यु जारी भएको छ । साम्प्रदायिक विवाद फैलाउने, बढाउने कुनै प्रकारका तस्बिर, भिडियो, स्ट्याटस सामाजिक सञ्जालमा नराख्न जिल्ला प्रहरी कार्यालय रौतहटले आग्रह गरेको छ ।

# बर्दिबासमा सडक खाना महोत्सव



**रासस**
**महोत्तरी ।**
आफ्नो ठाउँको परिचय विस्तार र स्थानीय परिकारबारे चासो बढाउन महोत्तरीका होटल तथा पर्यटन व्यवसायीले सडक खाना महोत्सव–२०८० आयोजना गरेका छन् । होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीको आयोजनामा तीनदिने सडक खाना महोत्सव–सुरु भएको हो । बर्दिबास नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले महोत्सवको उद्घाटन गरेका हुन् ।
पूर्वपश्चिम राजमार्ग र बिपी राजमार्गको सङ्गमदेखि बिपी राजमार्गतिर पाँच सय मिटर सडक दूरीमा महोत्सव आयोजना गरिएको छ । विभिन्न थरिका परिकारको स्वाद एकै ठाउँमा दिन महोत्सव आयोजना गरिएको होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीले जनाएको छ ।
पूर्वपश्चिम राजमार्ग र अत्यन्त चल्तीको बिपी राजमार्ग (बर्दिबास–सिन्धुली–बनेपामार्ग) को सङ्गममै सुरु गरिएको महोत्सवले बर्दिबासको परिचय विस्तार, यहाँको पर्यटन पूर्वाधारबारे चासो र स्थानीय रैथाने परिकारबारे अभिरुचि बढाउन सहयोग पुग्ने आयोजक संस्थाको अपेक्षा छ । ‘मुख्य कुरा हाम्रा स्थानीय सम्भावनाबारे आम चासो बढाउने हो, चुरेकाछ अवस्थित बर्दिबास नगर क्षेत्रभित्रका पर्यटकीय सम्भावनाका क्षेत्रबारे खोजबिन गर्न महोत्सवले सघाउ पुर्याउने हाम्रो विश्वास छ’, सङ्घका अध्यक्ष गुञ्जबहादुर कार्की भने, ‘महोत्सवमा हामीले पस्कने परिकार, तिनको मौलिक स्वाद र हाम्रो सेवाले खानपिन र बसोबासका लागि बर्दिबास उपयुक्त ठाउँ हो भन्ने सन्देश दिनसके हाम्रो अभिष्ट पूरा हुन्छ ।’
महोत्सवमा सिद्रा, घोङी, माछाको सुकुटी, सिस्नु, टिम्बुर, गुन्द्रुक, तामा, गेडागुडीलगायतका स्थानीय परिकार, छेनाको जिलेवी, विभिन्न मिष्टान्न परिकार, नेवारी खाजा सेट र अन्य मुलुकका लोकप्रिय परिकारका स्टल राखिएका छन् । सोमबारसम्म चल्ने महोत्सवमा व्यवसायीमात्र नभएर निर्मल लामा बहुप्राविधिक शिक्षालय बर्दिबास–११ खयरमाराका होटल म्यानेजमेन्ट तथा फुड एण्ड डेरी विषयका विद्यार्थी, नाथम बर्दिबास (नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, बर्दिबास) र माध्यमिक विद्यालय बर्दिबास–८ हाथीलेटका होटल व्यवस्थापन विषयका छात्रछात्राले छुट्टाछुट्टै कक्ष सञ्चालन गर्दै महोत्सव अवलोकनकर्तालाई नयाँ स्वाद चखाइरहेका छन् । महोत्सवमा ५० कक्ष छन् ।
प्रत्येक कक्षले भिन्नभिन्न परिकार तयार गर्ने हुँदा कक्षपिच्छे अवलोकनकर्ताले भिन्न परिकार हेर्ने र चाख्ने अवसर पाएका छन् । महोत्सवमा आन्तरिक र बाह्य पर्यटकले मधेसको पहिचान, स्वाद र न्यानो स्वागतको अनुभूति लिनुभएको सङ्घका महासचिव नारायण घिमिरे बताउँछन् ।
केही दिन पहिलेदेखि नै बर्दिबास उद्योग वाणिज्य सङ्घ, होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरी र बर्दिबास नगर पत्रकार सञ्जाल महोत्तरीले बर्दिबासका पर्यटन गन्तव्य पहिल्याउन जनाउँदै पदयात्रा सुरु गरेका छन् । यो महोत्सवले पनि पदयात्राको उद्देश्यमा सघाउ पुर्याउने अपेक्षा गरिएको छ ।
यस महोत्सवमा पाहुनाले २० देखि ४० प्रतिशत छुटमा परिकारको स्वाद लिनसँगै विशिष्ट सांस्कृतिक कार्यक्रमको पनि मज्जा लिँदैछन् । महोत्सवको आयोजनामा बर्दिबास नगर कार्यपालिकाको कार्यालयको साथ सहयोग प्राप्त भएको आयोजकले जनाएका छन् । करिब १५ लाख रुपैयाँको लागतमा सुरु गरिएको महोत्सव ५० हजार मानिसले अवलोकन गर्ने आयोजक संस्थाको लक्ष्य छ । सङ्घले तीन दिन बर्दिबासमै बसेर महोत्सवको आनन्द लिन सबैमा सार्वजनिक अपिल नै गरेको छ ।

# आईसिपी भन्सारद्वारा ८६ अर्ब बढी राजस्व संकलन



**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकको प्रमुख भन्सार नाका वीरगंज भन्सार कार्यालय आईसिपीले चालु आर्थिक वर्ष २०८०/८१ को ७ महिनामा ८६ अर्ब ५७ करोड ७५ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । अर्थमन्त्रालय भन्सार विभागले चालु आर्थिक बर्षको साउनदेखि पुस मसान्तसम्मका लागि आईसिपी भन्सारलाई १ खर्ब ३९ अर्ब ८१ करोड ७४ लाख ६७ हजार रुपैयाँ राजस्व उठाउने लक्ष्य तोकेको भए पनि मालसामानको आयातमा गिरावट आएसँगै चालु आर्थिक वर्षको ७ महिनामा लक्ष्य अनुसारको राजस्व संकलन प्रभावित भएको आईसिपी भन्सारका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए ।
आईसिपी भन्सार वीरगंजले तोकिएको लक्ष्य भन्दा झण्डै ३८ दशमलव ८ प्रतिशत कम राजस्व संकलन गरेको छ । अर्थमन्त्रालयले तोको लक्ष्य भन्दा ७ महिनामा ५३ अर्ब २३ करोड ९९ लाख २९ हजार रुपैयाँ कम राजस्व संकलन भएको वीरगंज भन्सार कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । यसैगरी वीरगंज भन्सार कार्यालयले भन्सार राजस्व तर्फ ३२ अर्ब १० करोड २४ लाख २० हजार रुपैयाँ राजस्व संकलन गरेको छ भने मुल्य अभिबृद्धि कर तर्फ ३६ अर्ब ८३ करोड ९ लाख ८७ हजार रुपैयाँ राजस्व संकलन भएको छ । त्यसैगरी अन्त शुल्क तर्फ ६ अर्ब १५ करोड ७७ लाख ८६ हजार रुपैयाँ संकलन गरेको प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुंगानाले बताए । त्यसैगरी वीरगंज भन्सार कार्यालयले पूर्वाधार कर तर्फ ७ अर्ब ४१ करोड ८७ लाख ७ हजार राजस्व उठाएको छ भने कृषि सुधार शुल्क तर्फ ८३ करोड ८९ लाख ७१ हजार रुपैयाँ संकलन गरेको छ ।
यसैगरी वीरगंज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुर तर्फ १ अर्ब ९३ करोड ५९ लाख ७० हजार रुपैयाँ राजस्व संकलन गरेको छ भने सडक निर्माण तथा सम्भार दस्तुरमा १ अर्ब १० करोड ४० लाख २९ हजार रुपैयाँ राजस्व संकलन गरेको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ ।

# सामाजिक सद्भाव कायम राख्ने प्रतिबद्धता

**मधेशदृष्टि**
**वीरगंज ।**
महोत्तरीको सम्सी गाउँपालिका–१ पर्सामा सामाजिक सद्भाव कायम राख्न हिन्दू र मुस्लिमका अगुवाहरूले प्रतिबद्धता जनाएका छन् । महावीर झण्डा मेलाको अवसरमा शनिवार कलश यात्रा निकाल्ने क्रममा दुई समुदायबीच झडप भएको थियो । झडपले स्थित अनियन्त्रित बनेपछि प्रहरीले चार राउण्ड हवाई फायर गरेको थियो । विवाद चर्केपछि आइतबार गाउँपालिकाका अध्यक्ष रामनाथ यादवको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा दुवै समुदायका अगुवाहरूले सामाजिक सद्भाव कायम राख्ने प्रतिबद्धता जनाएका हुन् । साथै झण्डा मेला शान्तिपूर्वक लगाउने निर्णय पनि बैठकले गरेको छ । धार्मिक द्वन्द्व फैलाउन केहि उछृङ्खल व्यक्तिले ढुंगा फालेपछि झडप भएको भन्दै अगामी दिनमा मेला महोत्सवमा उछृंखल कार्य गर्नेको पहिचान गरी कारबाही गर्ने निर्णय पनि सर्वदलीय बैठकले गरेको छ ।

# हराएको पाँच वर्षपछि महिला फेला

**मधेशदृष्टि**
**बारा ।**
पाँच वर्षदेखि बारा जिल्लाबाट हराएका दुई महिलाको प्रहरीले भारतको कोलकाताबाट उद्धार गरेको छ । बाराको कोल्हबी नगरपालिका वडा नम्बर ७ धोधारपाकी २३ वर्षीया रञ्जिता चौधरी र देवताल गाँउपालिका वडा नम्बर ४ की ४० वर्षीया बबिता देवी गिरीको प्रहरीले उद्धार गरेको हो ।
कोलकाताको अञ्जली मेन्टल हेल्थ राइट्स अर्गनाइजेसनबाट उद्धार गरिएको बारा प्रहरीले जानकारी दिएको छ । दुबै जनालाई उनीहरूको अभिभावकको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

*प्रजातन्त्र समाजवादको मूलसडक हो ।*
*–कार्ल मार्क्स*

## सम्पादकीय

# प्रजातन्त्र दिवसको शुभकामना

*आज फागुन ७ गते अर्थात् ७४ औँ प्रजातन्त्र दिवस । १ सय ४ वर्षीय जहानियाँ निरंकुश राणाशासनबाट देशले मुक्ति पाएको दिन । देशमा एउटा परिवार र घरानाले राजालाई पनि खोपीमा राखेर आफूलाई श्री ३ बनाउँदै राजपरिवारले छोराछोरी पनि राणापरिवारसँग मात्र विवाह गर्नु पर्ने व्यवस्था गरेर जनतामाथि लादिएको शासनबाट राजा र नागरिकले मुक्ति पाएको दिन भएकाले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता, प्रदेश स्थापना अनेक दिवस भए पनि यो फागुन ७ गते बिर्सन सकिन्न । सबै परिवर्तनहरुको जननी फागुन ७ गते नै हो । फागुन ७ गते प्रजातन्त्र पुनर्बहाली भएको दिन हो । २०४६ सालको आन्दोलनपछि ३५ वर्षको पछिल्लो इतिहास हेर्दा देशले निकै ठूलो फड्को मारेको छ । देशमा केही गरौँ भन्ने सम्भावनाहरु पनि छन् । यो सबै स्वतन्त्र देश र प्रजातान्त्रिक मुलुक भएकाले सम्भव भएको हो । पुर्खा लडेर पञ्चायत फाले । युवा लडेर लोकतन्त्र ल्याए । अब गणतन्त्र र संघीयता कार्यान्वनमा युवा, महिला, पछाडि पारिएका समुदायले समयानुकुल जनता देशमै बस्ने शासनप्रणाली सुधार गर्दै जानु पर्ने दायित्व छ ।*

*त्यतिखेर शासकहरुले धेरै नागरिक मारेका थिए । गोली दागेका थिए । जेलनेलको सजाय दिएका थिए । यी सबै विषय अहिलेको पुस्तालाई अचम्म लाग्ने कथा बन्न सक्छ । तर यो परिवर्तनबारे युवापुस्तालाई दलहरुले बेलैमा जानकार गराउन नसकेका कारण आज युवापुस्ता निकै सजिलोसँग सस्तो प्रतिक्रिया दिने भएका छन् कि, देशले हामीलाई के दियो र ? देश अहिले नै दिने अवस्थामा छैन । दिनसक्ने बनाउने दायित्व सबैको हो । देशमै सम्भावना खोज्ने सकिने अनेक आधार नभएका पनि होइनन् तर हामी अध्ययनविनाको विशिष्ट श्रेणीका विद्यार्थी हौँ । त्यसैले ज्ञान छ, अभ्यास छैन । अभ्यासविनाको विद्या पनि बेकामे भइरहेको छ । त्यसैले श्रमबजारमा आफूलाई समायोजन गर्ने भन्दा वैदेशिक श्रमबजारमा सम्भावना भन्दै थोरै मेहनतमा धेरै कमाइ गर्ने लोभमा विदेशिएका छन् । भन्नलाई त भन्छन्, देशमा अवसर छैन । तर देशमा सम्भव भएका अवसरमा पनि अभ्यस्त हुने, समस्या समाधानका लागि राज्य गुहार्ने बानी छैन । हचुवाका भरमा व्यवस्थाप्रति वितृष्णा पोख्ने थलो लोकतन्त्रका लागि अघिल्लो पुस्ताले कति रगत बगाएका छन् भन्ने पनि युवा पुस्तालाई अब पढाउन हतार भइसकेको शासकहरुले महसुस गरुन् । अन्यथा संघीयता र गणतन्त्रप्रति त परिचित हुन नसकेको युवा पुस्तालाई प्रजातन्त्र कालो अक्षर भैँसी बराबर हुने अवस्था हुनेमा शंका छैन ।*

*शासकहरु सुध्रिउन्, व्यवस्था होइन, व्यवस्थापकहरु बदल्दा देश बनाउने विषय प्राथमिकतामा परोस् । एउटा शासकका हुलियाका कारण व्यवस्थाप्रति बढिरहेको वितृष्णा घटाउने गरी स्थानीय, प्रदेश र केन्द्र सरकारले प्रयास गर्न जरुरी छ । प्रजातन्त्र दिवसको अवसरमा समस्त देशबासीमा हार्दिक शुभकामना । ज्ञातअज्ञात तमाम सहिदहरु, जसले यो परिवर्तनका लागि ज्यान दिनु भयो, उहाँहरुमा भावपूर्ण श्रद्धासुमन ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# २००७ सालको जनक्रान्ति र जनकपुरधाम



**राजेश्वर नेपाली**

एक सय चार वर्षको निरंकुश शासनको समाप्तिको लागि २००७ साल कार्तिक २६ गते नेपाली कांग्रेसले सशस्त्र क्रान्ति आरम्भ गरेको थियो र पहिलो दिनमै मुक्ति सेनाले वीरगंजमाथि कब्जा गरेको थियो। तर त्यहाँ मुक्ति सेनाको कमाण्डर थिर बम मल सहिद भएका थिए। त्यसै क्रममा भोगेन्द्रमान सिंह, रौतहटको गौरमा किसान आन्दोलनको नेतृत्व गर्दा शिवप्रसाद सिंह, जनकपुरधाममा सरकारी सेनासित लड्दै मुक्ति सेनाका प्रेम सिंह राई र कञ्चनमुखिया, सप्तरीको कुशहाघाटमा भारतीय समाजवादी डा. कुलदीप झा, विराटनगरमा तुलाराम र बलबहादुर समेतका दर्जनौँ वीर जवान सहिद भएका थिए।

हुन त हाम्रो देशमा राणाविरोधी संघर्ष १९३२ सालमा सैनिक लगन थापाको विद्रोहबाट आरम्भ भएको थियो र उहाँसमेतका ७ जना सैनिक मारिएका थिए। पछि 'मकै खेती'का लेखक कृष्णलाल अधिकारी र बिपी कोइरालाका पिता कृष्णप्रसाद कोइराला सप्तरीको कृष्णवीर कामी र अब्दुल मियासमेतका कैयौँ राजबन्दी थिए, जसमध्ये कैयन जेलमै मरे।

नेपालमा संस्थागतरुपमा निरंकुश राणाशासनको विरोध गर्न १९८८ सालमा प्रचण्ड गोरखाको स्थापनापूर्व नै भेद खुलेकाले खड्गमान सिंह लगायतका पक्राउ परेका थिए भने कुमार उमेश विक्रम शाह निर्वासित गरिएका थिए। १९९३ साल जेष्ठ २० गते नेपालको प्रथम राजनीतिक दलको रुपमा नेपाल प्रजा परिषद्को स्थापना हुनुभन्दा एक वर्ष पूर्वमै भारतीय स्वाधीनता आन्दोलनबाट प्रभावित हुनु भई जनकपुरधामका युवा क्रान्तिकारी पं रमाकान्त झाको नेतृत्वमा १९९२ साल वैशाख शुक्ल अक्षय तृतीया २२ गते (५ मई १९३५ ई.) रविवारको साँझ साढे ६ बजेतिर पापमोचनी पोखरीको डिलमा आआफ्ना रगतले हस्ताक्षर गरी एकतन्त्रीय राणशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापनाका लागि प्रतिज्ञा गर्नुभएको थिए। त्यसरी प्रतिज्ञा गर्नु भएकामा पं झाको साथै बोधप्रसाद उपाध्याय, रामदुलार साह, गुलाबनारायण झा, अनिरुद्ध प्रसाद सिंह, ईन्द्र बहादुर मल्ल, योगकुमार माथेमा, जमुनाप्रसाद सिंह, कमलाकान्त चौधरी, महन्थ गोकुल गिरी, रामलखन दास, श्रीकान्त ठाकुर, देवशंकर गिरी, गणेशचद्र झा, बौएलाल झा, पं रामभद्र झा, गंगेश्वर झा, गंगाप्रसाद मण्डल, शेष इस्माइल, बलभद्र चौधरी, केशव झा र जगन्नाथ ठाकुर हुनुहुन्थ्यो। त्यसरी आआफ्ना रगतबाट हस्ताक्षर गरी दृढसंकल्पित हुनुभएका क्रान्तिकारी २००७ सालमा प्रजातन्त्रको स्थापना नहुन्जेलसम्म मात्र संघर्षरत रहनु भएन कि २०१७ सालमा प्रजातन्त्रको हत्यापछि पनि प्रजातन्त्र पुनस्र्थापनाको संघर्षमा लागि राख्नुभएको थियो।

२००३ सालमा नेपाली कांग्रेसको स्थापनासाथ २००४ साल वैशाख १ देखि आरम्भ प्रथम सत्याग्रहमा सरयुग चौधरी, लक्ष्मण साह, मिश्रीलाल गुप्ता, रामाअशिष भगत, भीष्मजंग केसी, दिगम्बर झा, मेघप्रसाद उपाध्याय, डिएन प्रधान, डिएन परियार, बच्चा झा, बलबहादुर थापा मगर, दानबहादुर शाही, शेरबहादुर आले मगर, मानसिंह कटुवालसमेत १५ जना पक्राउ परेका थिए। २००४ मार्ग ३ गते मटिहानीमा सरोज कोइराला, महेन्द्र नारायण निधि, नकुल बहादुर सिंह र त्यसपछि पं रमाकान्त झा तथा भारतीय समाजवादी नेता कवि नरेन्द्र देव पक्राउ पर्नु भएको थियो।

२००५ सालमा नेपालगंजमा नेपाल प्रजा पञ्चायतको स्थापना महावीर प्रसाद गुप्ता, कृष्णगोपाल टण्डन, मूलचन्द आजाद र लियाकत अलि मिलेर गरेका थिए। २००६ साल चैत २७ गते नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको कलकत्तामा संयुक्त अधिवेशन गरेर दुवै कांग्रेसलाई एकीकरण गरी नेपाली कांग्रेस नामकरण गरिएको थियो र त्यसपछि बैरगनियामा नेपाली कांग्रेसको अधिवेशन २००७ आश्विन १० र ११ (२६ र २७ सितम्बर १९५०) मा भएको थियो र त्यसले सशस्त्र क्रान्ति गर्ने निर्णय गरेपछि कार्तिक २६ गते सशस्त्र क्रान्ति आरम्भ भएको थियो र वीरगंजमाथि मुक्ति बाहिनी सेनाले कमाण्डर थीर बम मल्लको नेतृत्वमा आक्रमण गरेको थियो। त्यसमा मुक्तिबाहिनी सेनाले सफलता पाए पनि थीर बम मल्ल सहादत प्राप्त गर्नु भएको थियो। त्यसको दोश्रो दिन विराटनगरमा र तेश्रो दिन जयनगरबाट भोलानाथ दाहालको नेतृत्वमा खजुरी थानामाथि आक्रमण गरिएको थियो। तर त्यहाँबाट प्रहरी अघि नै भागिसकेकाले क्रान्तिकारी युवा छात्रले सजिलैसाथ सात वटा बन्दुक प्राप्त गर्न सकेका थिए र त्यसले कृष्णप्रसाद भट्टराईको नेतृत्वमा क्रान्तिकारीलाई उदयपुर माथि कब्जा गर्न थप उर्जा प्रदान गरेको थियो। क्रान्तिको पाँचौँ दिन सम्पूर्ण मिथिलाञ्चलमा छठिव्रत मनाइरहेकै बेला कातिक ३० गते साँझ जलेश्वर जेल फोडेर सरोज कोइराला, दिगम्बर झा, भीष्मजंग केसी, सुन्दर झा शास्त्री, बुद्धिप्रसाद शर्मा र सुरेन्द्रबहादुर भागेर रक्सौल पुगेका थिए। पछि सरोज कोइराला, दिगम्बर झा, भिष्मजंग केसी र सुन्दर झा शास्त्री जयनगर पुगेर महिनाथपुर क्याम्प लाग्नु भएको थियो र जनकपुर कब्जा गर्न सफल भएका थिए भने सुन्दर झा शास्त्री र जेलको पूर्व जम्दार रामप्रित मण्डल साथ भएर मटिहानी भन्सारमाथि कब्जा जमाएका थिए। त्यसैबेला २००७ पौष २ गते जनकपुरधाममा मुक्तिबाहिनी र राणाको सेना बीचमा भएको गोलाबारीमा युवा किसान कञ्चन मुखिया र मुक्तिबाहिनीको प्रेम सिंह राई मारिएका थिए भने रौटहटमा शिवप्रसाद सिंहले दशौँ हजार किसानको शान्तिपूर्ण जुलुस नेतृत्व गर्दा श्रीसिंह समेत अनेकौँ मारिएका थिए।

जनकपुरधाममाथि मुक्तिसेनाले कब्जा गरेपछि गठित महोत्तरी जनसरकारमा रुद्रप्रसाद गिरि गभर्नर, महेन्द्रनारायण निधि मुख्यमन्त्री र मन्त्रीहरुमा सरोज कोइराला, दिगम्बर झा, बोधप्रसाद उपाध्याय र योगकुमार माथेमा हुनुहन्थ्यो भने निर्गुण यादव प्रहरी प्रमुख र सरयुग चौधरी गुप्तचर विभागको प्रमुख बनाइएका थिए। महोत्तरी जनसरकारले सर्वप्रथम महोत्तरी जेलको फाटक खोली गान्धीवादी पं रमाकान्त झा, नकूलबहादुर सिंह र भारतीय कवि नरेन्द्र देवलाई जेलमुक्त गरी नागरिक अभिनन्दन गरिएको थियो। त्यसैगरी पाल्पा जनसरकारमा भोलानाथ शर्मा प्रधानमन्त्री र मुन्सी दयाशंकर गुप्ता परराष्ट्र मन्त्री हुनुहुन्थ्यो भने भैरहवा जनसरकारमा काशी प्रसाद श्रीवास्तव हुनुहुन्थ्यो । ७ सालको जनक्रान्तिका प्रचार प्रमुख रामवरण शर्माको पनि महत्वपूर्ण योगदान थियो। युद्ध विरामपछि दिल्लीमा नेपाली कांग्रेसबाट संयुक्त सरकारको लागि बिपी कोइरालाले दिनु भएको सातजनाको नामावलीमा पं रमाकान्त झा र रामेश्वर प्रसाद सिंहको पनि नाम थियो तर पछि घोषित संयुक्त सरकारमा मधेशीहरुका एकमात्र प्रतिनिधित्व भद्रकाली मिश्रले गर्नु भएको थियो भने नेपाली कांग्रेस केन्द्रीय समितिमा रामनारायण मिश्र सदस्य हुनु भएको थियो।

केही महिनापछि २००८ आश्विन १६ मा गठित प्रथम सल्लाहकार सभामा महेन्द्र नारायण निधि र रामनारायण मिश्र सदस्य हुनुहुन्थ्यो भने रुद्र प्रसाद गिरि महोत्तरीकै, दिगम्बर झा पाल्पा र मेघ प्रसाद उपाध्याय उदयपुरको बडाहाकिम नियुक्त हुनु भएको थियो।

२०१५ सालको आमनिर्वाचन नेपाली कांग्रेसले सप्तरीमा गजेन्द्रनारायण सिंह, महोत्तरीमा दिगम्बर झा र खजहनी शिवराजमा मुन्सी दयाशंकर गुप्तालाई उम्मेदवार न बनाउनु ठूलो भूल थियो भने प्रतिनिधिसभाको सभामुख सांसद नै नरहेका कृष्णप्रसाद भट्टराईलाई बनाएर ठूलो गल्ती गरेको थियो तर पनि प्रजातन्त्रप्रति प्रतिवद्ध मधेशी जनता सदैव प्रजातन्त्रको लागि दृढ रहेकाले नै २०१७ पुस १ मा प्रजातन्त्रको हत्यापछि कांग्रेसबाट अलगिएर अरु पार्टीमा लागेका नेपाल प्रजा परिषद (मिश्रगुरुप) को अध्यक्ष भद्रकाली मिश्र, संयुक्त प्रजा पार्टी जो प्रतिनिधिसभामा तेश्रो स्थानमा थियो, त्यसको महामन्त्री काशी प्रसाद श्रीवास्तव र तराई कांग्रेसको महामन्त्री रामजन्म तिवारीले आआफ्ना पार्टीलाई नेपाली कांग्रेसमा समाहित गरेका थिए भने गोरखा परिषद्को नेता भरत शमशेर पनि कांग्रेसमा समाहित भएका थिए र सुवर्ण शमसेर कार्यबाहक सभापति भएर प्रजातन्त्र पुनस्थापनाका लागि सशस्त्र संघर्ष भएको थियो। त्यो हुनुअगाडि २०१७ चैत्र १४ र १७ गते सप्तरीमा सत्याग्रहीको दुइवटा दल गिरफ्तारी दिइसकेको थियो र २०१८ साल कार्तिक २६ गते महेन्द्र नारायण निधिको नेतृत्वमा बलराम नायक, नागेश्वर झा, मकेश्वर सिंह, रामचन्द्र मिश्र, बौएलाल झा, कमला कान्त चौधरीले जनकपुरधाममा र विघटित संसदका सदस्य बोध प्रसाद उपाध्याय, बेनी माधव सिंह, सिया प्रसाद ठाकुरले जलेश्वरमा गिरफ्तारी दिनु भएको थियो।

प्रजातन्त्रको हत्यापछि क्रान्तिकारी छात्र दुर्गानन्द झाले २०१८ माघ ९ गते जनकपुरधामको जानकी मन्दिरअगाडि राजा महेन्द्रमाथि बम प्रहार गर्दा जानकी माताको कृपाले राजा बाँचे र दुर्गानन्द पनि पक्राउ परेन । तर





बमकाण्डको नाममा निरापराध मानिसलाई दिइने यातनाले मर्माहत भई तीन महिनापछि युवक दुर्गानन्द आफ्नो गिरफ्तारी स्वयम् आएर दिनु भयो र उहाँलाई विशेष अदालतले बेगर कुनै सुनवाई नै मृत्युदण्डको निर्णय गर्‍यो र मुलुकी ऐनमा संशोधन गरी २०२० माघ १५ गते नेपालमा पहिलोपटक ब्राह्मणलाई मृत्युदण्ड दिइएको थियो भने त्यसै घटनामा अरविन्द कुमार ठाकुरलाई आजीवन कराबास दिइएको थियो, जसको २०७० मार्ग १० गते निधन भइसकेको छ। जोगी साहको बेगर पूर्जी १० वर्ष जेल भोगेर निधन भइसकेका छन्। त्यसबेलाको कलेज छात्र संघको अध्यक्ष गंगाराम यादव, कुमारी सरलासमेतका कैयौँले निकै कष्ट र यातना भोग्नु परेको थियो । दुर्गानन्द झाकी अर्धांगिनी काशी देवी झा एक्लै बाँचिरहनुभएको छ र त्यसबेला उहाँको अचल सम्पत्ति रोक्का भएको प्रजातन्त्र पुनस्र्थापनाको यत्रो वर्षमा पनि श्रीमतीले आफ्नो अंश पाउन सकेकी छैन । महोत्तरीको दोश्रो सहिद शिवचन्द्र मिश्र २०१९ साल आश्विन २४ गते सम्सीमा राष्ट्रिय सुरक्षादलसितको मुठभेडमा सहादत प्राप्त गरेका थिए । २०१८ साल माघ ११ गते राजा महेन्द्रको वीरगंज सवारीक्रममा बमसाथ पक्राउ परेका दुःखा सहनी आजीवन कारावास भोगेर २०३७ सालमा मुक्त भए पनि २०६० सालमा उहाँको निधन भइसकेको छ भने त्यसै घटनामा आजीवन कारावास बिताई मुक्त भएका दलसिंह थापा मगर र कपिलेश्वर श्रीवास्तवको पनि निधन भइसकेको छ।

रौतहटको जलिल मियाँलाई २०१९ सलमा पक्राउ गरी २० वर्षको जेल सजाय तोकिए पनि नछाडिँदा २०४४ सालमा वीरगंज जेलमा उनको निधन भएको थियो । जनकपुर बमकाण्डको नायक दुर्गानन्द झालाई मृत्युदण्ड दिने विशेष अदालतको निर्णयको विरोध गर्दा २०१९ सालमा पक्राउ परेका भक्तपुरका भरत गोपाल झालाई भोजनमै विष दिएर २०२० चैत्र ६ मा हत्या गरिएको थियो।

जनकपुरधामस्थित सरस्वती मावि २०२० जेष्ठ २४ गते हड्ताल भयो र प्रजातान्त्रिक गतिविधि बढ्न थालेपछि तानाशाही प्रशासनले २०२१ साल जेष्ठ २० गते भएको छात्र हड्तालको दोश्रो दिन २१ जेठमा छात्रहरुबीच छुरा हानाहान गराएर पहाडी मधेशीको साम्प्रदायिकता भड्काउने कुचक्र गरेको थियो। घाइते छात्र कमलाकान्त झा, कुंवरकान्त, युगलकिशोर साह र अमरनाथ चौधरी मधेशी थिए भने छुरा प्रहार गर्ने छात्र उप्रेती थरका एक जना सर्वोच्च अदालतका न्यायाधीशका नातेदार थिए। तर छात्रहरुले प्रशासनिक कुचक्रको भण्डाफोर गरेर कुनै अप्रिय घटना बढ्न दिइएन।

२०२२ साल वैशाख १३ गते पुनः सरस्वती मावि हड्ताल भयो र त्यसमा हरेकृष्ण साह, दिनेशचन्द्र यादव र जगन्नाथ महासेठसमेतका १४ छात्रलाई एसपी कमान सिंहले पक्राउ गरी प्राणान्त हुने गरी कुटपिट गरेर दोश्रो दिन चेतना आएपछि छाडेका थिए।

संसद र संसदीय सरकारको विघटनसाथ २०१७ पुस १ मा प्रधानमन्त्री बिपी कोइरालाको साथ जेल परेका उद्योग वाणिज्यमन्त्री रामनारायण मिश्र अब बाँच्नु हुन्न भन्ने भइसकेपछि मात्र २०२३ मार्ग मसान्तमा उहाँलाई सुन्दरीजल हिरासतबाट मुक्त गरिएको थियो र त्यो राति उहाँलाई कोइराला मन्त्रिमण्डलमै गृहमन्त्री रहनुभएका सूर्यप्रसाद उपाध्यायको घरमा पुर्‍याई राखेर भोलिपल्ट काठमाडौँबाट भारतमा उपचारार्थ पटना प्लेनमा लगिएको थियो र त्यहीबाट दिल्ली हुँदै भेलोर लगिएको थियो। तर उपचार काम न लागेपछि अन्ततः उहाँले भारतमा मर्नु सट्टा आफ्नै कर्मभूमिमा मर्ने कुरा बताएपछि घर फर्काउनुअघि नै २०२४ पुस ६ गते राति ११ बजे पट्ना मेडिकल कलेज अस्पतालमा ४५ वर्षकै अल्पायुमा उहाँको दुःखद निधन भए पनि उहाँले कहिल्यै शिर झुकाउनु भएन। उहाँको पूर्व कथनअनुसार दोश्रो दिन उहाँको पार्थिव शरीर जनकपुरधाम ल्याउँदा नेपाल भारत सीमास्थल भिठ्ठामोडदेखि नै शोकाकुल कार्यकर्ताहरुको भिड हुनलागेको थियो । सरकारी हस्तक्षेपको बाबजुद हजारौँको भिड लागेको थियो र शोकाकुल जनताले पहिलोपटक पञ्चायती व्यवस्था मूर्दावाद, तानाशाही चल्दैन भन्ने नारा लगाएका थिए । जनकपुरधाममा देखिएको त्यो उत्साहले गर्दा नै सात वर्षपछि जेलबाट छुट्नासाथ २०२४ चैत्र ७ गते गिरिजाप्रसाद कोइराला विराटनगर जानेक्रममा जनकपुरधाम प्लेनबाट पुग्नु भएर उहाँप्रति श्रद्धाञ्जलि अर्पित गरी ८ चैत्रमा टे«नबाट विराटनगर प्रस्थान गर्नुभएको थियो भने आठ वर्षपछि मुक्त गणेशमान सिंह २०२५ साल मार्ग २५ गते मानवअधिकार दिवसका दिनमा जनकपुरधाम पुगेर आफ्ना श्रद्धाञ्जलि अर्पित गर्दै उहाँलाई लौहपुरुष घोषित गर्नु भएको थियो।

जनकपुरधामको जानकी मन्दिर चोकको आमसभामा पुग्नु भएका तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापालाई २०२५ मार्ग २८ गते कालो झण्डा देखाई विद्यार्थीले पञ्चायती व्यवस्था मूर्दावादका नारा लगाउँदा, राधारमण प्रसाद, राजकुमार चौधरी, लक्ष्मीनारायण ठाकुर, रामजीवन मण्डल पक्राउ परेका थिए भने त्यसैघटनामा कृषि सहायक (जेटिए) चन्द्रशेखर झा र बचत सब निरीक्षक माखनलाल दासलाई जेल हाली निकै कुटपिट गरेर यातना दिइएको थियो। प्रहरी कुटाईले सप्तरीको माखनलाल दासको जेलबाट ६ महिनापछि छुट्ना साथ मृत्यु हुनगएको थियो।

२०२६ सालको प्रजातन्त्र दिवसको पूर्वरात्रिमा जानकी चोकको नवनिर्मित राजा महेन्द्रको प्रतिमालाई युवा छात्र केशव कोइरालाले कालोपोती चश्मा तोडफोड गरेपछि जनकपुरधाममा व्यापक गिरफ्तारी भएको थियो। महेन्द्रनारायण निधि, सरोज कोइराला, मकेश्वर सिंह, ज्ञानी शंकर गिरि, रामानन्द ठाकुर समातिएका थिए । २०२७ जेष्ठ ३० गते जानकी चोकमै राजा महेन्द्रको जन्मोत्सव समारोहमा कालो झण्डा प्रदर्शन गर्दा राराब क्याम्पस छात्र संघको सभापति महन्थ ठाकुर, सचिव रामप्रसाद गिरिको साथै आनन्दप्रसाद ढुगांना, महेन्द्र कुमार मिश्र, केशव कोइराला र हरिहर विरही पक्राउ पर्नुको साथै बोधप्रसाद उपाध्याय पनि समातिएका थिए र सबैलाई राजकाज ऐनमा डेढवर्ष कैद र डेढ हजार रुपैयाँ जरिवाना गरिएको थियो, जो पछि सर्वोच्च अदालतबाट २०२८ वैशाख ३ गते बदर गरिएपछि मुक्त भएका थिए।

२०२८ साल श्रावणमा स्नातक निर्वाचन क्षेत्रबाट निर्वासित राष्ट्रिय पञ्चायतको सदस्य रामराजाप्रसाद सिंहलाई शपथ ग्रहण गराउने माग गर्दै निस्केको जुलुसबाट राराब क्याम्पस छात्र संघको अध्यक्ष आनन्दप्रसाद दुगांना, नेविसंघ धनुषा अध्यक्ष रामप्रसाद गिरि, सचिव बिमलेन्द्र निधि, हरिहर विरही, रामकिशोर यादव पक्राउ परी जेल परेका थिए र पछि आश्विन १२ गते छाडिए।

२०२९ सालको छात्र आन्दोलनक्रममा धनुषाको जदुकोहामा आश्विन १ गते छात्रहरुको शान्तिपूर्ण जुलुसमाथि बर्बरतापूर्ण प्रहरी दमन हुँदा किशोर छात्र कामेश्वर मण्डल र कुशेश्वर यादव सहिद भएका थिए भने महेन्द्र नायक शम्भूनाथ झा र प्रदीप महतो सख्त घाइते भएका थिए। २०३० कार्तिक २ गते भारतीय निर्वासनमा सरोज कोइरालाको हत्या भयो भने मटिहानीमा २०३१ श्रावण ३१ मा केशव कोइरालाको हत्या गरिएको थियो। सिरहामा २०३३ माघ १० मा रामप्रित यादवको हत्या भयो भने धनुषामा २०३५ माघ १ गते सिरसियामा भोला साहको हत्या गरियो।

२०३६ साल वैशाख ४ गते जनकपुरधामको राराब क्याम्पसमा खुकुरी आतंक मच्चाई आन्दोलनकारीहरुलाई काटियो । महेन्द्र मधुकर र प्रदीप महतोलाई मरणासन्न बनाइयो र त्यहीँबाट आन्दोलन चर्किएको थियो । जेठ ४ गते धनुषाको ढल्केबरमा मोहन महतो, मुगालाल महतो र झप्सी मण्डलको हत्या भयो भने ५ गते महोत्तरीको कटैयामा मिथिलेश्वर दुवे मारिए र ६ गते सर्लाहीको हरिपुर्वामा प्रहरी अत्याचार भयो, जहाँ ७ वर्षीय रामबाबु चौधरीसमेत लगन राय, सूरत ठाकुर, अमृत साह, शेष मियाँजान, बुद्धन अन्सारी, शेष इसरायल, जोगी मुसहर तथा लालबन्दीमा इगल बहादुर जर्घा मगर मारिएका थिए।

त्यसैगरी, सिरहामा तसलिम मियाँ, जगदीश खत्वे, रामेश्वर मण्डल मारिएका थिए भने महोत्तरीको हात्तीलेटमा कृष्ण बहादुर राना र धनुषाको भूचक्रपुरमा कृष्णसुन्दर श्रेष्ठ तथा रामलखन यादव र ऐनुल अन्सारी मारिएका थिए।

त्यस्तै, पर्साको धुरन्धर कुर्मी र मोहन चौधरी, बर्दियाको रत्नकुमार चौधरी, दाङमा रामप्रसाद चौधरी र नवलपरासीको सूरजपुरामा गिरिजाप्रसाद कोइरालालाई बचाउँदा २०४० फाल्गुन २० मा यादवनाथ आलोकको मृत्यु भएको थियो । २०४२ सालको सत्याग्रह सफल हुन लागेकै बेला गरिएको तथाकथित बमकाण्डको अनुसन्धानका नाममा हजारौँ प्रजातन्त्रवादीलाई पक्राउ गरी अनेक कष्ट दिइएको थियो । काठमाडौँ घटना अनुसन्धानका नाममा असार ७ गते मध्यरात्रि म पत्रकार राजेश्वर नेपालीलाई घरमा सुतेको ठाँउवाट पक्राउ गरी प्रहरी हिरासतमा राखियो भने त्यहाँ डा. लक्ष्मी नारायण झा, अधिवक्ता युगल किशोर लाल, उपप्राध्यापक रामप्रसाद गिरि, अधिवक्ता महेन्द्रप्रसाद सिंह, राजकिशोर सिंहसमेत १४ जनालाई असार २१ मा काठमाडौँ लगेर हनुमानढोकास्थित जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको थियो। त्यहीँ पछि सूर्यनाथ रान यादव र गजेन्द्र नारायण सिंह पनि ल्याइएका थिए । त्यहाँ म र जलेश्वरका अधिवक्ता महेन्द्र प्रसाद सिंहको हात एउटै कडीमा बाँधिएकोले एक जनाले दिशा पिशाब फेर्दा दुबैको हातले शौच गर्नु पर्दथ्यो भने त्यसरी नै खानु पर्दथ्यो र हातमा घडी राख्न दिएको थिएन न त सूर्यकै घाम देख्न पाइन्थ्यो न त त्यहाँ घण्टी नै लाग्दथ्यो, जहाँ दिशा पिशाब गर्ने अफ्ठ्यारो थियो र त्यस ठाँउमा नुहाउने त कुरै थिएन र त्यस्तो अवस्थामा श्रावण ११ सम्म राखेर १२ गते निर्दोष भनि फर्काउँदा जिल्लामा सुरक्षा ऐन लगाई जेल हालिएको थियो। हामीलाई जे भए पनि हाम्रै साथ लगिएका डा. लक्ष्मी नारायण झा र उनको कम्पाउण्डर सत्यनारायण साह, ईश्वर लामा, पद्म लामा, सूर्यनाथ रान यादव, सप्तरीको साकेतचन्द्र मिश्र र दीलिप चौधरी तथा संखुवासभाका शिक्षक महेश्वर चौलागाईलाई प्रहरी हिरासतबाटै बेपत्ता पारिए। त्यसै बमकाण्डक्रममा रक्सौलमा निर्वासित वैद्यनाथ प्रसाद गुप्ता र उनको भतिजा दीपक गुप्तालाई २०४२ असार ११ गते राति हत्या गरिएको थियो।

२०४५ पुस २६ गते जनकपुरधाममा जनताको शान्तिपूर्ण जुलुसको नेतृत्व गर्दा सत्यनारायण पाठक प्रजिअ बाबुराम पौडेलको गोलीको सिकार भएका थिए भने वीरेन्द्र प्रसाद साह समेतका एक दर्जन घाइते भएका थिए। वीरेन्द्र लामो उपचारपछि पनि अपांग नै रहे। तर त्यस घटनाले आक्रोशित जनकपुरबासीले २०४६ सालको जनआन्दोलनको दृश्य एक वर्ष पूर्व नै ल्याइदिएका थिए।

२०४६ सालको जनआन्दोलन पूर्व जनकपुरधाममा महेन्द्र नारायण निधि, लीला कोइराला, महेश्वर प्रसाद सिंह, भीष्मजंग केसी, डा. रामवरण यादव, प्रा. उपेन्द्र प्रसाद कमल, कुलप्रसाद कोइराला, शिवचन्द्र मिश्र, रामचन्द्र तिवारी, स्मृतिनारायण चौधरी, वृषेशचन्द्र लाल, लाल किशोर साह, महेन्द्र यादव मधुकर समेतका ८६ राजबन्दी जेलमा थिए भने म राजेश्वर नेपाली माघ २७ मै पक्राउ परी हिरासतबाट छाडिएका थिए।

७ फागुनमा जनआन्दोलन आरम्भ हुनुपूर्व नै ३ फागुनमा जानकी चोकमा आयोजित पञ्चभेलामा छात्र नेता रामानन्द चौधरी ललनले कालो झण्डा प्रदर्शन गरेर ठूलो साहसिक काम गरेका थिए भने प्रहरीको बर्बरतापूर्ण कुटाईले जानकी मन्दिरमै उनको मुख र नाक, कानबाट रगत आएर कैयौँ दिन बेहोस रहेको थियो र ७ गतेको शान्तिपूर्ण जुलुस प्रदर्शनमाथि गरिएको लाठी प्रहारले ७५ वर्षीय वृद्ध रामबहादुर महतोको दायाँ हात भाँच्चिएको थियो भने रामचन्द्र झा सख्त घाइते भएका थिए र शिक्षक महादेव झाले खाएको कुटाईबाट सदासर्वदाको लागि बिदा भएका थिए । शान्तिपूर्ण जुलुसमाथिको प्रहरी दमनको विरोधमा फागुन ९ गते जिल्लाभर विरोध दिवस मनाउने कार्यक्रम थियो । त्यसदिन जदुकोहामा शान्तिपूर्ण जुलुसलाई घेरेर जसरी गोली चलाइयो, त्यो अकथनीय छ । नेपालकै इतिहासमै पहिलोपटक तीन महिला जानकी देवी, मुनेश्वरी देवी, सोनावती देवीको साथै छात्र उदयशंकर मण्डल र किसान राम नारायण यादवको दुःखद निधन भयो भने उत्तिमलाल यादव गोली लागेर अपांग भए। त्यहाँ गौरुलाई पनि गोली लागेको थियो र घरमा अनेक प्वाल परेको थियो।

चैत्र २४ गते जनकपुरधाममा विशाल जुलुस प्रदर्शन भएको थियो भने राम विलास ठाकुर सहिद भएका थिए र राजकुमार झाको घाँटीमा गोली आरपार गर्दा पनि बाँचेर बेरोजगार छन्। प्रजातान्त्रिक आन्दोलनक्रममा सहिद भएकामा सप्तरीका सुकदेव सिंह, सुरेशकुमार गुप्ता, बिहारी चौधरी, कैलु चौधरी, रौतहटका मुकुट ओझा, बलदेव राय यादव, दीपनारायण गिरि, सुखारी हजरा, नरबहादुर कुँवर, शेष पाँचू र राम मियाँ, बाराका गेना साह, भोला साह र रामचन्द्र महतो, सुनसरीको पद्मजंग देवान, सत्यनारायण यादव, रामप्रित यादव र भोला साहको नाम उल्लेखनीय छ। त्यसैगरी, धनुषाका श्रीधर ठाकुर र शुभनारायण साहको नाम पनि बिर्सिन सकिँदैन, जो प्रजातान्त्रिक संघर्षक्रममा बेस्सरी कुटिँदा क्यान्सर लागेर अल्पायुमै मरेका थिए।

हाम्रो देशको प्रजातान्त्रिक आन्दोलनमा भारतीय समाजवादी नेता डा. कुलदीप झा २००७ सालमा सप्तरीको कुशहाघाटमा मारिएका थिए भने २०३६ सालको जनआन्दोलनमा हेटौँडामा कुशकुमार अग्रवाल र हरिपूर्वामा जोगी मुसहर मारिएका थिए। मधेशीको हकअधिकार माग गर्दा मधेशमुक्ति मोर्चाको अध्यक्ष रघुनाथ राय र सत्यदेव त्रिपाठी, रामजी मिश्रलाई भैरहवा नजिकको भारतीय क्षेत्र नौतनवामा २०२० असारमा हत्या गरिएको थियो भने मधेशको स्वायत्तता माग गर्दा सुनसरीको रघुनाथ ठाकुरको २०३५ सालमा हत्या गरिएको थियो । त्यसैगरी, अनिकाल परेका बेला भूमिसुधारको बचत असुलीको विरोधमा सभा गर्दा २०२४ सालमा नवलपरासीमा र २०२५ सालमा कपिलवस्तुमा पनि अनेक मानिस मारिएका थिए।

२०६३ सालको मधेश मुक्ति आन्दोलनमा रमेश महतो, राजेश ठाकुर, शिवशंकर यादवसहित अढाई दर्जनले सहादत प्राप्त गरे भने २०६४ सालको मधेश आन्दोलनमा दुई दर्जन भन्दा बढी सहिद भएका थिए भने २०७२ सालमा भएको मधेश आन्दोलनक्रममा एक सय जना सहिद भए पनि मधेशको अधिकार सुनिश्चित हुन सकेन । राजर्षि जनक र गौतम बुद्धका सन्तान मधेशीहरु जन्मजात शान्तिप्रिय हुन्छन्। त्यसैले कतिले कायर पनि भन्न लाज मान्दैन तर त्यसको अर्थ जनताको सर्वोच्चता र समानताको हक खोस्दा पनि टुलुटुलु हेर्नु कदापि होइन । मधेशीहरु प्रजातन्त्रमा विश्वास गर्दछन् र त्यसको लागि जे पनि सहन गर्न तयार छन् तर समानताको हक अब कसैले पनि रोकेर रोक्न सक्दैन। तसर्थ नेपालको हरेक भाषाभाषी र संस्कृतिको विकास हुने वातावरण सृजना गर्नु आज सबैको जिम्मेवारी बनेको छ । २००८ सालदेखि उठिरहेको संघीयता अन्ततः२०७४ मार्गको निर्वाचनपछि ६६ वर्षपछि कार्यान्वित भई देशमा सातवटै प्रान्तमा प्रदेश सरकार र केन्द्रमा केन्द्रीय सरकारको गठन भए पनि २०७७ पुस र पछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुईपटक संसद विघटन गरी देशमा पुनः तानाशाह लाद्न खोज्नु दुर्भाग्यपूर्ण रहेको थियो र अहिले राजतन्त्र फर्काउने नाममा जे भइरहेको छ, त्यो देश हितमा मान्न सकिँदैन। अतः आमजनताको स्वाभिमानको रक्षा तथा हरेक भाषा, धर्म र संस्कृतिको संरक्षण तथा विकासतिर ध्यान दिनु आवश्यक छ । त्यसैगरी, मधेश आन्दोलनको मागअनुसार संविधान संशोधन गरी हरेक नागरिकले एकअर्कालाई सम्मान गर्दै कृषिप्रधान देश नेपालको कृषि विकास, जलश्रोतको सदुपयोग तथा उद्योगधन्दा विकास गरी देशलाई आत्मनिर्भर बनाउने दिशामा बढ्नुपर्दछ।

(दिवंगत अग्रज पत्रकार नेपालीको लेख सान्दर्भिकताका आधारमा प्रकाशन गरेका हौँ)

# चुरे संरक्षणका लागि गुरुयोजना संशोधन गरिन्छः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राष्ट्रिय गौरवको आयोजनाका रुपमा सञ्चालन भइरहेको चुरे संरक्षण कार्यक्रमलाई अझ प्रभावकारी बनाउन चुरे संरक्षण गुरुयोजना संशोधन गरिने बताएका छन् ।
प्रतिनिधिसभाको आजको बैठकमा सांसदको प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री प्रचण्डले भने, ‘चुरे क्षेत्रको जैविक विविधता, प्राकृतिक स्रोत, पानी र स्थानीय बासिन्दाको समग्र संरक्षण र दिगो उपयोगमा सरकार प्रतिवद्ध छ ।’ चुरे क्षेत्रका नदीहरूको कटानको असर रोक्न नदी नियन्त्रण र तटबन्धका काम सञ्चालनमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिमार्फत चुरे र मधेश संरक्षणका अरु पनि कार्यक्रमहरू वार्षिक रुपमा सञ्चालन भइरहेको बताए ।
‘अर्थतन्त्रका प्रायः सूचकहरु सकारात्मक छन् तर केही क्षेत्रमा अझै चाप छ । अर्थतन्त्रमा देखा परेका चुनौती हल गर्दै समष्टिगत आर्थिक स्थायित्वमार्फत देशभित्रै आय र रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध छ’, प्रधानमन्त्री प्रचण्डले भने, ‘कृषि, पशुपंक्षीपालन, घरेलु, साना तथा मझौला उद्योग, पर्यटन र सूचना प्रविधि क्षेत्रमा सामुहिक उद्यमशिलतामार्फत उत्पादन र रोजगारी बढाउने विशेष कार्यक्रम सात सय ५३ वटै पालिकामा कार्यान्वयन गर्ने गरी अघि बढाइदै छ । स्वदेश फर्किएर आफ्नै भुमिमा रोजगारी गर्न चाहनेले यस कार्यक्रममा सहभागि हुन विदेशबाटै आवदेन दिन सक्ने गरी नयाँ व्यवस्था गरिदैँछ ।’
त्यस्तै, प्रधानमन्त्री प्रचण्डले आगामी आर्थिक वर्षको बजेटमा कर्णाली प्रदेशले न्याय पाउने केही थप ‘गेम चेन्जर’ आयोजना तर्जुमा गर्ने दिशामा सरकारले छलफल सुरु गरेको जानकारी गराए । उनले जुम्ला विमानस्थलको रनवे विस्तारका लागि जग्गा अधिग्रहणलगायत
विमानस्थलको स्तरोन्नतिको काम समेत अगाडि बढेको जानकारी गराउँदै उनले मुलुकको राजनीतिक परिवर्तनमा कर्णालीको योगदान तथा यसले लामो समयसम्म केन्द्रीय एकात्मक राज्यसत्ताबाट ब्यहोरेको उपेक्षा र विभेदबारे सरकार जानकार रहेको बताए । कर्णाली क्षेत्रमा जलस्रोतको अपार संभावना रहेको तथ्यलाई आत्मसाथ गर्दै यस क्षेत्रको जलविद्युत् क्षेत्रमा निजी क्षेत्र तथा सरकारको लगानी अगाडि बढाउने प्रयास स्वरुप लम्की–फुकोट ४०० केभी प्रसारण लाईन हाल निर्माणको चरणमा रहेको उनको भनाइ थियो ।

# ‘मुलुकमा केही भएकै छैन भन्ने भाष्य गलत छ’



*‘मुलुकमा अवैध धन्दा गर्ने, मानव तस्करी गर्ने, विभिन्न सपना देखाउने र प्रलोभनमा पार्नेको संख्या कम छैन । समाजमा विभिन्न कुरीति र अन्धविश्वास कायमै छ । यसले हरेक तह र तप्कालाई छोएकै छ । तथापि नेपालीको साहस, अनुशासन र विश्वासनीयता विश्वले नै मान्दै आएको छ ।’*

***वीरबहादुर बलायर, प्रतिनिधिसभा सदस्य***

**रासस**
**काठमाडौँ ।**
सङ्घीय संसद्को चालु अधिवेशनमा कानुन निर्माण प्रक्रियालाई चुस्त र नतिजामुखी तुल्याउन सरकार, सिङ्गो संसद्, राजनीतिक दल र संसद्कै कार्यव्यवस्था परामर्श समितिले क्यालेन्डर बनाएर काम गरिरहेको छ । सोहीअनुरुप अहिले संसदीय समितिहरूले आफ्नो जिम्मेवारीमा आएका विधेयकलाई तदारुकताका साथ संशोधन र दफाबार छलफलका माध्यमबाट समृद्ध तुल्याउने काम भइरहेको छ । भर्खरै म संलग्न कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट स्वच्छ र गुणस्तरीय खाद्यान्नसम्बन्धी विधेयक पारित भई सदनमा पठाइएको छ । यो विधेयक खाद्यान्नमा जनताको नैसर्गिक अधिकार र पहुँचसँग सम्बन्धित छ । सांसद, सरकार र सरोकारवालासँगको घनिभूत छलफल र पर्याप्त गृहकार्यपछि विधेयकलाई अघि बढाइएको हो । संसद्को पहिलो एक वर्ष सरकार गठन र संसदीय प्रणालीलाई व्यवस्थित तुल्याउने कार्यमै व्यतित भयो । ऐन निर्माण प्रभावित भयो ।
कानुन निर्माण र सरकारको निगरानी गर्नु संसद्को जिम्मेवारी हो । संविधानले तय गरेका जनताका अधिकारलाई कानुनीरूपमा सुनिश्चित गर्नु पनि संसद्को अर्को महत्त्वपूर्ण कार्य हो । सम्पूर्ण हिसाबले संसद्को हिउँदे अधिवेशन कानुन निर्माणमै केन्द्रित हुनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट निकै चासोका साथ हेरिएको सत्यनिरुपण, मेलमिलाप तथा बेपत्ता व्यक्तिको छानबिन र शान्ति प्रक्रियासँग सम्बन्धित विधेयकहरू पनि यसै अधिवेशनबाट निष्कर्षमा पुर्याउने कोसिस भइरहेको छ । विगतको द्वन्द्वको घाउ र पीडालाई राज्यले क्षतिपूर्ति, परिपूरणका माध्यमबाट सम्बोधन गर्नुपर्ने भएकाले यो तत्कालै राफसाफ हुने विषय थिएन ।
लोकतान्त्रिक प्रणाली तथा शान्ति सम्झौताको मर्म र भावनाअनुरुप विधेयक टुङ्ग्याउनुपर्ने भएकाले आमसहमति आवश्यक छ । यस्तो विधेयक व्यक्ति र दल विशेषले चाहँदैमा टुङ्गिने विषय होइन । सङ्घीय निजामती, प्रदेश प्रहरी समायोजनजस्ता विधेयक पनि यसै अधिवेशनबाट पास हुनुपर्छ भन्ने हाम्रो जोडबल छ । सङ्घीयताको मर्म र भावनाविपरीत सिंहदरबारमा मात्रै संविधान लागू हुनुभएन । संविधानले दिएको अधिकार गाउँगाउँसम्म पुर्याउनुपर्छ । सङ्घीयताको लाभ जनताले पाउनुपर्यो । अधिकार प्राप्तिका लागि कानुन निर्माणका हिसाबले हामी ठिक बाटोबाट हिँडिरहेका छौँ भन्ने अनुभूति जनतालाई दिलाउन सक्नुपर्छ । त्यही मनसायबाट अहिले सदन र संसदीय समितिमा काम भइरहेको छ । लोकतान्त्रिक प्रक्रिया र विभिन्न प्रतिस्पर्धाका कारण यसबीचमा चुनावमा एउटा, सरकार गठनको पहिलो चरणमा अर्को, त्यसपछि फेरि बेग्लै राजनीतिक गठबन्धन हुन पुग्यो । विगतको आन्दोलनका उपलब्धिका रूपमा संविधान जारी गर्ने शक्तिबीच विश्वास कायम गरी संसद्लाई बिजनेस दिने कार्यमा कमजोरी भयो । सांसदले पूर्वाधार विकास होइन, कानुन निर्माण गर्छ । सांसदले आफू कानुन बनाउन आएको हुँ भन्ने बुझ्न तथा राजनीतिक दलले पनि जनतालाई त्यसरी नै बुझाउन जरुरी छ । पूर्वाधार विकास आवश्यकता, प्राथमिकता र जिम्मेवारीबारे जनतालाई बुझाउन सकिएको छैन । विकास निर्माणमा सांसद संलग्न हुनु भनेको उल्टो बाटो हिँड्ने प्रयत्न हो । हामी सदन र संसदीय समितिप्रति उत्तरदायी रहनुपर्छ । हामीले गठन गरेको सरकारले विकास निर्माण गर्छ । सदन र समितिका बैठकमा सांसदहरूको न्यूनतम उपस्थित संख्या नपुगेर बैठक स्थगित हुनु दुखद् पक्ष हो । यस्ता घटनालाई ध्यान दिँदै नेपाली कांग्रेस संसदीय दलले सदन सुरु हुनुअघि नै यसपटक संसद् र संसदीय समितिमा अनिवार्य उपस्थित हुन र अन्तिमसम्म बस्न आफ्ना सांसदलाई ह्वीप लगाएको छ । निवेदन र सूचना नदिई कहींकतै जान नपाइने भनिएको छ । सदन र समिति बैठकमा अनुपस्थित रहने सांसदलाई अर्को निर्वाचनको उम्मेदवारीमा पुनर्विचार गर्नेसम्मको चेतावनी दिइएको छ ।
भ्रष्टाचारका विषयमा उठेका प्रश्न वास्तविक र अतिरञ्जित दुवै छन् । वास्तविकता यो हो कि सरकार सञ्चालन गर्दै गर्दा त्यहाँ जाने व्यक्ति र नेतृत्व जिम्मेवार हुन जरुरी छ । राष्ट्र र जनताप्रति जिम्मेवारीबोध हुनुपर्छ । केहीमा कर्तव्य बिर्सने र अस्थिर राजनीतिको फाइदा उठाउने सोच र मनोविज्ञान देखिन्छ । सबैभन्दा ठूलो विषय भनेको सरकार सञ्चालकको इच्छाशक्तिमा भरपर्ने कुरा हो । सुशासन मुखले भनेर मात्र हुन्न । क्रियाकलाप, काम र गतिविधिमा देखिने कुरा हो । यी गतिविधिभित्र अगुवा नै स्वच्छ भएर जान सकियो भने मातहतबाट त्यति ठूलो हिम्मत र चुनौती आउन्न । अगुवा नै अल्मलिन र दुविधायुक्त हुन थाल्यो भनेपछि भ्रष्टाचार न्यून गर्न चुनौती हुन्छ । सरकारका क्रियाकलाप र निर्णय पारदर्शी भएन भने जनतामा अविश्वास बढ्न जान्छ । निर्णय ठिक र पारदर्शी नभए जनता, कर्मचारीतन्त्र र दलको विश्वास हराएर जान्छ । त्यसका लागि नेतृत्वमा भ्रष्टाचारविरोधी इच्छाशक्ति हुनु जरुरी छ ।
मुलुकमा केही भएकै छैन भन्ने भाष्य पनि गलत छ । काठमाडौँकै मात्र पनि कुरा गर्ने हो भने पञ्चायतको समयको राजधानी र अहिलेमा आकाश–जमिनको फरक छ । पूर्वाधार, स्वास्थ्य, यातायात, शिक्षा र सूचना प्रविधिका क्षेत्रमा निकै ठूला उपलब्धि हासिल भएका छन् । सुविधा उपभोग गर्ने अनि केही भएकै छैन भन्ने कुरा युक्तिसङ्गत छैन । देश छाड्ने र नागरिकता त्यागसमेत पछि नपर्ने राष्ट्रियताप्रति सम्मान र समर्पण भाव नभएका पक्षबाट नै यस्ता विषय उठ्नु सुहाउँदो विषय होइन । मुलुकमा अवैध धन्दा गर्ने, मानव तस्करी गर्ने, विभिन्न सपना देखाउने र प्रलोभनमा पार्नेको संख्या कम छैन । समाजमा विभिन्न कुरीति र अन्धविश्वास कायमै छ । यसले हरेक तह र तप्कालाई छोएकै छ । तथापि नेपालीको साहस, अनुशासन र विश्वासनीयता विश्वले नै मान्दै आएको छ ।
अहिले बेरोजगारीलगायतका कारण युवा र विद्यार्थीमात्रै होइन, अर्थतन्त्रलगायत धेरै कुरा पलायन भएर गएको छ । केही वर्षपछि यहाँका कलेजमा विद्यार्थी नै पाउन मुस्किल हुने हो कि भन्ने चिन्ता बढाएको छ । यी कुरा सुशासन र विश्वसनीयतासँग जोडिएका विषय हुन् ।
विश्वसनीयता कायम राख्न सकिएन भने मुलुक बनाउन कठिन हुन्छ । विगतमा राष्ट्रको ढुकुटी हुने, नहुने ठाउँमा यत्रतत्र सर्वत्र छरियो । राज्यले त्यसको फाइदा लिन सकेन । व्यक्तिले मात्र लाभ लिने गरी अपचलन भयो । यस्ता सोचबारे सबै तह र तप्कामा गहन बहस हुन आवश्यक छ । युवा, विद्यार्थीको विदेश पलायन र समाजमा विश्वास जागृत गराउने राज्यका अगाडि खडा भएको चुनौतीलाई पार लगाउन शिक्षाको गुणस्तर कायम गर्दै अध्ययनसँगै रोजगारी सुनिश्चित हुनुपर्छ ।
राज्य सञ्चालकलाई नै देशप्रतिको माया र भरोसा छैन भने अरु कसले विश्वास गर्छ ? राज्य सञ्चालक जिम्मेवारीबाट पन्छन र थाहा थिएन भन्न पाइन्नँ । ओहदामा बस्नेको सोहीबमोजिमको जिम्मेवारी र कर्तव्य हुन्छ । युवालाई रोक्न, अड्याउन र विश्वास के कुराले दिन सकिन्छ त्यो तय गर्न जरुरी छ । राष्ट्रका लागि केही संयम र धैर्यधारण गर्नुपर्छ । ढिलो भए पनि राजनीतिबाटै निकास निस्कन्छ । आधुनिक मुलुक निर्माणका लागि आधुनिक चरित्र, क्रियाकलाप, विश्व मापदण्डअन्तर्गतको सोच रहन आवश्यक छ । धेरै निराश हुनुहुन्न । केही नवीनता आउँछ । हामी नयाँ सोचकासाथ अघि बढ्छौँ ।

# शून्य समयः दुर्घटनादेखि दुग्ध किसानका कुरासम्म

**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाको बैठकको शून्य समयमा सांसदहरुले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । सांसदहरुले पछिल्लो समय सडक दुर्घटना बढेदेखि दुग्ध किसानले आफ्नो भुक्तानी नपाएकासम्मका विषय उठाएका हुन् । पूर्वाधार निर्माणमा ढिलाइ भइरहेको, सुशासनको प्रत्याभूति हुन नसकेकोलगायत विषय शून्य समयमा उठेका छन् । प्रतिनिधिसभाको आजको बैठकमा बोल्दै सांसद ठाकुरप्रसाद गैरेले पछिल्लो समय सडक दुर्घटनाका घटना बढेको उल्लेख गर्दै दुर्घटनामा मृत्यु भएकाको परिवारलाई क्षतिपूर्ति र घाइतेको शीघ्र उपचारको माग गरे । सांसद नारायणप्रसाद आचार्यले सडक दुर्घटनाका कारण ज्यान जानेको संख्यामा बढिरहेकोप्रति चिन्ता व्यक्त गर्दै यातायातका साधनको मापदण्ड तोकिनुपर्ने र जीर्ण अवस्थामा रहेका सडकलाई मर्मतसम्भार गरी सुरक्षित यातायातको प्रत्याभूति गराउनसक्नुपर्ने बताए ।
सांसद सांसद बलराम अधिकारीले पनि सवारीसाधन दुर्घटना बढिरहेकोप्रति चिन्ता व्यक्त गरे । हाल बन्द अवस्थामा रहेका भन्सार नाका खोल्नका लागि पनि उनले माग राखे । तारा लामा तामाङले पनि सडक दुर्घटना बढेको विषय उठाउँदै हुलाकी सडक निर्माणमा तीव्रता दिइनुपर्ने बताए । सांसद डोलप्रसाद अर्यालले रुसी सेनामा नेपालीहरु भर्ना भइरहेको विषयलाई सरकारले गम्भीररुपमा नलिएको आरोप लगाए । अहिले रुसी सेनामा पाँच हजारभन्दा बढी नेपाली भर्ना भएको, ९४ जना नेपालीको मृत्यु भएको, एक हजारभन्दा बढी घाइते भएको अपुष्ट खबर आइरहेको उल्लेख गर्दै उनले यस विषयमा यथार्थ जानकारी लिन सरकारले कूटनीतिक पहल गरिनुपर्ने बताए ।
सांसद तेजुलाल चौधरीले सार्वजनिक निकायमा आर्थिक अनियमितता र भ्रष्टाचार घट्न नसकेको बताए । ललितपुरमा प्रदेश मुख्यमन्त्री निवास बनाउँदा त्यस वरिपरीको बाटो मिचिएको र सवारी आवागमनमा समस्या भएको विषय सांसद डा तोसिमा कार्कीले संसद्मा उठाइन् । सांसद दामोदर पौडेल वैरागीले विभिन्न खानेपानी, सिँचाइ तथा पुल आयोजनामा बजेट अभाव हुँदा काम अघि बढ्न नसकेको बताए । कास्की जिल्लाको हेम्जा र पुरुन्चौर जोड्ने पुल निर्माणको काम दुई वर्षदेखि अलपत्र परेको विषय उनले बताए । सांसद दीपकबहादुर सिंह ललिता निवास जग्गा प्रकरण, गिरिबन्धु टि–स्टेट, बालकुमारी घटनालगायत दोषीलाई कारबाही गर्नुपर्ने बताए । उत्तरी छिमेकी मुलुक चीनसँगका व्यापार नाका खुलाउन सरकारले पहल गर्नुपर्ने माग सांसद दिलेन्द्रप्रसाद बडुले राखे । सांसद दीपा शर्माले संसद्मा उठाइएका विषयलाई सरकारले सम्बोधन गर्न नसकेको आरोप लगाइन् । त्यस्तै सांसद दुर्गा राईले राष्ट्रपति र उपराष्ट्रपतिमा फरकफरक लिङ्ग वा समुदायको हुनुपर्ने भन्ने संवैधानिक व्यवस्थालाई संशोधन गरेर फरकफरक लिङ्ग र समुदायको हुनुपर्ने भन्ने व्यवस्था गरिनुपर्नेमा जोड दिइन् ।
सांसद देवप्रसाद तिमल्सेनाले तराईका जिल्लामा लिफ्ट सिँचाइको व्यवस्था गरिनुपर्ने बताए । त्यस्तै हाल बन्द अवस्थामा रहेको श्रीराम सुगर मिल सञ्चालनको माग पनि उनले गरे । सांसद देवेन्द्र पौडेलले मध्यपहाडी लोकमार्गका विभिन्न सडकखण्ड निर्माणको काम अलपत्र परेको विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद धवल शमशेर जवराले बाँके जिल्लामा रहेको कपास विकास समिति खारेज भए पनि व्यवस्थापनको समस्या अझै रहेको विषयमा सरकारको ध्यानाकर्षण गराए । उनले लघुवित्त र सहकारी संस्थाबाट ठूलो संख्यामा सर्वसाधारण पीडित भइरहेको विषयमा सरकारले तत्काल प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिए । सांसद ध्रुवबहादुर प्रधानले भन्सार नाकामा प्लान्ट क्वारेन्टाइनको व्यवस्था गर्न सरकारसँग माग गरे ।
दुग्ध किसानले आफ्नो उत्पादनको मूल्य नपाएको विषय सांसद नगिना यादवले संसद्मा उठाइन् । अर्का सांसद वासुदेव घिमिरेले पनि अहिले किसानले आफूले उत्पादन गरेको दूधको मूल्य भुक्तानी नपाउँदा मिल्क होलिडेको अवस्थामा पुगेको बताए । उनले दुग्ध विकास संस्थानले तीन महिनादेखि किसानलाई दूधको भुक्तानी दिन नसेकेको विषय संसद्मा उठाए ।



दुग्धजन्य सामग्रीको भारतबाट भइरहेको चोरीपैठारी रोक्नुपर्ने उनको भनाइ छ ।
सांसद नारायणी शर्माले जमिनको स्वामित्वसम्बन्धी विद्यमान समस्यालाई समाधान गर्न सरकारले पहल गर्नुपर्ने बताए ।
स्वच्छ खानेपानीको सुविधा पाउनुपर्ने नागरिकको मौलिक हक रहे पनि अहिले मधेश प्रदेशका जिल्लामा खानेपानी अभाव रहेको विषयमा सांसद निर्मला कोइरालाले सम्बन्धित निकायको ध्यानाकर्षण गराइन् । सांसद निशा डाँगीले देशभरका पूर्वाधार आयोजनामा जग्गा मुआब्जामा एकरुपता कायम हुनुपर्ने बताइन् । पूर्वाधार आयोजनामा जग्गाकै कारण समस्या देखिएको उल्लेख गर्दै उनले यस्तो समस्या समाधानका लागि तत्काल पहल गरिनुपर्ने बताइन् । संसद्मा उठेका प्रश्नको जवाफ सरकारले दिनुपर्ने उनले माग गरिन् । सांसद प्रतिक्षा तिवारीले देशमा सुशासनको अनुभूति हुन नसकेको बताइन् । एकपछि अर्को भ्रष्टाचारका काण्ड उजागर भइरहे पनि दोषीलाई कारबाही हुन नसकेको उनले उल्लेख गरिन् । त्यस्तै बैंक तथा वित्तीय संस्थाबाट सहजरुपमा न्यून ब्याजदरमा कर्जा सुविधा पाउनुपर्ने प्रत्याभूति गर्न पनि उनले माग राखिन् । सांसद बद्रीप्रसाद पाण्डेले आगामी आर्थिक वर्षको बजेटमा गरिबी बढी रहेका क्षेत्रमा बजेट पर्नेगरी सन्तुलित र समावेशी प्रकृतिको बजेट ल्याइनुपर्ने बताए । सांसद विन्ध्यवासिनी कंसकारले सबै सरकारी अस्पतालमा जलन उपचारको व्यवस्था गरिनुपर्ने माग राखे भने सांसद विनिता कडायतले ग्रामीण भेगमा अहिले पनि न्यूनतम स्वास्थ्य सुविधा नपुगेको बताइन् ।

# आर्थिक कार्यविधि पहिलो संशोधन अध्यादेश स्वीकृत



**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाको बैठकले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० बहुमतले स्वीकृत गरेको छ । अर्थमन्त्री डा प्रकाशशरण महतले उक्त अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव आइतबारको बैठकमा राखेका थिए । बैठकमा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० लाई अस्वीकार गरियोस् भनी राखेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । सांसद सुवालको उक्त प्रस्ताव भने बहुमतले अस्वीकृत भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले गत माघ ४ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेका थिए । अध्यादेशमार्फत ऐन संशोधन गर्दै बजेट क्यालेन्डरसम्बन्धी नयाँ व्यवस्था ल्याइएको थियो । जसअनुसार सरकारलाई बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेस गर्न बाटो खुलेको थियो । अध्यादेशमार्फत बजेटको सीमा (सिलिङ) तोक्ने साविकको समयसीमामा पनि संशोधन गरिएको थियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ऐनको दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो । यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी ‘विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने’ व्यवस्था ल्याइएको हो । सङ्घीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेश गर्नुपर्ने कानूनी व्यवस्था छ । त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि संसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जानेछ । यसअघि बजेटका सिद्धान्त तथा प्राथमिकता संसद्मा प्रस्तुत भएको सात दिनभित्र सांसदहरुले सुझाव सरकारलाई दिइसक्नुपर्ने व्यवस्था रहेको थियो ।

चालु आर्थिक वर्ष २०८०÷८१ को वार्षिक बजेटको बुँदा नं २९ मा आगामी आर्थिक वर्षदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सङ्घीय संसद्मा पेस गर्ने व्यवस्था मिलाइने उल्लेख छ । बजेटको यही व्यवस्था कार्यान्वयनका लागि अध्यादेश ल्याइएको थियो । संसदबाट पारित भएसँगै अध्यादेश ऐनका रुपमा लागू हुनेछ । अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन प्रस्ताव गरिएको थियो । ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ । दफा ७ (१) मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको छ । अध्यादेशमार्फत् उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने बनाइएको छ ।

त्यस्तै, ऐनको दफा ८ (१) मा संशोधन भएको छ । उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था गरिएको थियो । अध्यादेशमार्फत यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालिन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्न भनिएको छ ।

त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ६५ मा उल्लेखित नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारमा संशोधन गरिएको छ । दफा ६५ (२) मा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि निर्देशिका तथा दिग्दर्शन बनाउन सक्ने छ भनी व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले उक्त काम गर्नुपर्ने व्यवस्था ल्याइएको छ ।

# नेप्से परिसूचकमा भारी गिरावट



**मधेशदृष्टि**
**वीरगंज ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २७ दशमलब २१ अङ्कले ओरालो लागेर दुई हजार ३४ दशमलव ८२ मा सीमित भएको हो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ३५ अङ्कले ओरालो लागेर तीन सय ६५ दशमलव २० मा सीमित भएको हो । कारोबार भएका कूल १३ उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ । कूल एक करोड सात लाख ७२ हजार चार सय ८३ कित्ता शेयर रु तीन अर्ब ७७ करोड ५४ लाख २२ हजार एक सय ९६ मूल्यमा कारोबार भयो ।

कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको ४० करोड ९० लाख रुपैयाँ बराबरको कारोबार भयो । एनआइसी एशिया बैंक १३ करोड ६५ लाख ६४ हजार एक सय ४० रुपैयाँ, जोशी हाइड्रोपावर १० करोड १४ लाख एक सय ९२ रुपैयाँ, सगरमाथा जलविद्युत् कम्पनी नौ करोड २७ लाख ९३ हजार पाँच सय ९८ रुपैयाँ र युनियन हाइड्रोपावर सात करोड ६१ लख १८ हजार एक सय सात रुपैयाँ मूल्यमा खरिद बिक्री भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

किसान लघुवित्त आठ दशमलव २२, युनियन हाइड्रोपावर छ दशमलव ६५ र आशा लघुवित्तका लगानीकर्ताले छ दशमलव शून्य चार प्रतिशतले कमाएका छन् । त्यस्तै, सामलिङ पावर आठ दशमलव २१, दोर्दी खोला जलविद्युत् कम्पनी छ दशमलव १५, पाँचथर पावर कम्पनी पाँच दशमलव ९१, बाराही हाइड्रोपावर पाँच दशमलव ८२ र एनआइसी एशिया ग्रोथ फण्डका लगानीकर्ताले पाँच दशमलव ६१ प्रतिशतले गुमाएका छन् ।

# नेपाल ‘ए’ टोली क्यानडासँग पराजित



**मधेशदृष्टि**
**काठमाडौँ ।**
एकदिवसीय क्रिकेटमा नेपाल ‘ए’ टोली क्यानण्डा ११ सँग पराजित भएको छ ।

आइतबार मूलपानी क्रिकेट मैदान भएको खेलमा नेपाल चार विकटेले पराजित भएको हो । नेपाल ‘ए’ले प्रस्तुत गरेको दुई सय १७ रनको लक्ष्य क्यानडाले ४९ दशमलव तीन ओभरमा ६ विकेट गुमाउँदै पूरा गर्यो ।

क्यानडाका लागि नवनीत धलिवालले सर्वाधिक ८० रनको योगदान दिए । उनले ७६ बल खेल्दै १० चौका र दुई छक्का प्रहार गरे । यसैगरी निखिल दत्तले ११५ बलमा पाँच चौका र एक छक्काको मद्दतमा अविजित ६७ रन बनाए । कप्तान साद बिन जफरले २३, श्रेयस मोम्भाले अविजित २२ तथा दिलप्रित बाज्वाले १० रन बनाए ।

बलिङतर्फ नेपाल ‘ए’ का लागि साहब आलमले दुई तथा रासिद खान, बसिर अहमद, प्रतिश जिसी र सागर ढकालले एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ‘ए’ले निर्धारित ५० ओभरको खेलमा आठ विकेट आठ गुमाउँदै दुई सय १६ रन बनायो । नेपाल ‘ए’ का लागि बसिर अहमदले ५५ बलमा तीन चौका र एक छक्काको मद्दतमा अविजित ५० रनको योगदान दिए ।

यसैगरी रासिद खानले ४०, मयन यादवले ३५, किरण ठगुन्नाले २५, विवेक यादवले २१ र सन्दीप जोराले १४ रन बनाए । बलिङतर्फ क्यानडका लागि साद बिन जाफले तीन, ईश्वरजीत सोधीले दुई तथा डिलोन हेलिगर, हर्ष ठेकर र शाहिद अहमदजाइले एक एक विकेट लिए । तीन खेलको शृंखलामा दोस्रो खेल पर्सि मंगलबार र अन्तिम खेल बिहीबार हुनेछ ।

# ‘आर्थिक स्थायित्व र रोजगारी सिर्जनामा सरकार प्रतिबद्ध’

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको अर्थतन्त्र सुधारोन्मुख रहेको र सरकारले आर्थिक स्थायित्व एवं आन्तरिक रोजगारी सिर्जना हुनेगरी काम गरिरहेको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले उठाउनुभएका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् । मुलुकको अर्थतन्त्रका विद्यमान समस्या, बेरोजगारी, युवा पलायनका साथै चुरेको विनाशका बारेमा सांसद किरणकुमार शाहले प्रधानमन्त्रीलाई प्रश्न गरेका थिए । जवाफमा प्रधानमन्त्री दाहालले अहिले अर्थतन्त्रका प्रायःसूचकहरु सकारात्मक रहे पनि केही क्षेत्रमा अझै चाप रहेको संसद्लाई जानकारी गराए ।

‘अर्थतन्त्रमा देखापरेका चुनौती हल गर्दै समष्टिगत आर्थिक स्थायित्वमार्फत देशभित्रै आय र रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध छ । सरकारले आन्तरिक उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएको छ’, प्रधानमन्त्री दाहालले भने, ‘देशभित्रै रोजगारीका अवसर सिर्जनाका लागि आन्तरिक रोजगारी प्रवर्द्धन दशक अभियानको तयारी भइरहेको छ । उत्पादनमूलक क्षेत्रमा प्राथमिकताका साथ लगानी वृद्धि गरी स्वदेशी श्रमको स्वदेशमा नै उपयोग गर्ने सीप विकास तथा रोजगारी सूचना प्रवाहमा स्थानीय तहको सहभागिता वृद्धि गर्ने कार्यक्रमलाई अभियानका रुपमा अघि बढाइँदैछ ।’ दक्ष जनशक्ति उत्पादनका लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान गठन गरिएको प्रधानमन्त्री दाहालले बताए । त्यस्तै स्वरोजगार प्रवर्द्धनका लागि नवप्रवर्तनलाई सार्वजनिक निजी साझेदारीको अवधारणामा राष्ट्रिय अभियानकै रुपमा सञ्चालन गरी यसबाट ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ गृहकार्य भइरहेको उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले कृषि, पशुपन्छीपालन, घरेलु, साना तथा मझौला उद्योग, पर्यटन र सूचना प्रविधि क्षेत्रमा सामूहिक उद्यमशीलतामार्फत उत्पादन तथा रोजगारी बढाउने विशेष कार्यक्रम सबै पालिकामा कार्यान्वयन गर्नेगरी अघि बढाइएको बताए । स्वदेश फर्किएर आफ्नै भूमिमा रोजगारी गर्न चाहनेले यस कार्यक्रममा सहभागी हुन विदेशबाटै आवदेन दिनसक्ने गरी नयाँ व्यवस्था गरिने उनले बताए । त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन यसको हालको ढाँचामा परिवर्तन गरी यसलाई नतिजासँग आबद्ध गरिने प्रधानमन्त्री दाहालले जानकारी दिए । चुरे क्षेत्रको जैविक विविधता, प्राकृतिक स्रोत, पानी र स्थानीय बासिन्दाको समग्र संरक्षण र दिगो उपयोगमा सरकार प्रतिबद्ध रहेको बताए । सांसद कालुराम राई ‘खुम्बु’ले जलवायु परिवर्तन र जैविक विविधता संरक्षणसम्बन्धी सवाल उठाएका थिए । जलवायु परिवर्तनले नेपालका साथै विश्वभर पुर्याएको असरबारे नेपालले पछिल्ला दिनमा अन्तर्राष्ट्रिय मञ्चमा नेतृत्वदायीरुपमा प्रखर आवाज उठाएको दाहालले बताए । ‘विकसित राष्ट्रले कार्बन उत्सर्जन सम्बन्धमा वहन गर्नुपर्ने जिम्मेवारी पालना गर्नुपर्छ र अल्पविकसित मुलुकका लागि अनुमानयोग्य तथा समतामूलक स्रोत र प्रविधिको व्यवस्था गर्नुपर्छ भन्ने विषय हामीले जोडदार ढङ्गले राखेका छौँ’, दाहालले भने ‘संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसलेसमेत नेपाल भ्रमणका समयमा जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असर र प्रभावलाई उजागर गर्नुभएको छ । यसबाट बढी कार्बन उत्सर्जन गर्ने मुलुकबाट हरित विकासमा सहयोग पुग्नेगरी क्षतिपूर्तिस्वरुप सहायताका लागि दबाव दिनसक्ने आधार तयार भएको छ ।’

# भाजपाद्वारा यूपीए शासनमा अनियमिततामाथि लक्षित गर्दै ‘श्वेतपत्र’ जारी




**एएफपी**
**नयाँदिल्ली ।**
संयुक्त प्रगतिशील गठबन्धन (यूपीए) शासनको एक दशकका दौरान भएका वित्तीय अनियमिततामाथि लक्षित गर्दै भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो राष्ट्रिय अधिवेशनको दोस्रो दिन ‘श्वेतपत्र’ जारी गरेको छ । हालै भाजपाले काङ्ग्रेस नेतृत्वको यूपीए सरकारको कार्यकालमा भएका अनियमिततालाई उद्धृत गर्दै भारतको संसद्मा पनि हालै श्वेतपत्र जारी गरेको थियो । श्वेतपत्रमा यूपीए सरकारको पछिल्लो १० वर्षको अवधिमा भएका आर्थिक अनियमितताको विवरणलाई समावेश गरिएको छ । ‘सन् २०१४ मा बैंकिङ सङ्कट र स्टकमा रहेको रकम ठूलो थियो । मार्च २००४ मा सार्वजनिक क्षेत्रका बैंकहरूको कूल कर्जा ६.६ लाख करोड भारतीय रूपैयाँ मात्र थियो । सन् २०१२ मार्चमा यो रकम ३९ लाख करोड़ भारतीय रूपैयाँ थियो ।’ पत्रमा भनिएको छ, ‘सन् २०१३ मा जब अमेरिकी डलरको मूल्य ह्वात्तै बढ्यो, यूपीए सरकारले बाह्य र समष्टिगत आर्थिक स्थिरतामा सम्झौता गर्यो र सन् २०१३ मा मुद्राको अवमूल्यन भयो । सन् २०११ देखि २०१३ को बीचमा अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ ३६ प्रतिशतले घटेको थियो ।’

उक्त समय पूर्वाधार निर्माणलाई गम्भीर रूपमा बेवास्ता गरिएको र यसले गर्दा औद्योगिक र आर्थिक विकासमा गिरावट आएको थियो । सन् २००४ देखि २०१४ सम्म यूपीए सरकारको पालामा सामाजिक तथा ग्रामीण क्षेत्रका १४ वटा मुख्य मन्त्रालयहरूमा कूल ९४ हजार ६० करोड भारतीय रूपैयाँको बजेट खर्च भएको थिएन ।

जुन कुल बजेट अनुमानको ६.४ प्रतिशत थियो । यूपीए सरकारका अनियमिततालाई प्रमुख महत्व दिएर सार्वजनिक गरिएको श्वेतपत्रमा भनिएको छ, ‘सर्वोच्च अदालतमा पेश गरिएको पत्रमा यूपीए सरकारले लगभग ४० हजार किलोमिटर राष्ट्रिय राजमार्गहरू थपिएको बताएको छ ।

तर भाजपाले सन् १९९७ देखि २००२ सम्म भाजपा सम्मिलत गठबनधन एनडीएको शासनकालमा २४ हजार किलोमिटर राष्ट्रिय राजमार्गहरू थपिएका दावी गरेको छ ।

त्यसपछि यूपीए सरकारको पछिल्लो १० वर्ष (२००४/०१४) मा करिब छ हजार किलोमिटर मात्र थपिएको थियो । वित्तीय अव्यवस्थाका कारण यूपीए सरकारको वित्तीय घाटा अपेक्षा गरिएभन्दा निकै ठूलो थियो र उसले सन् २०११÷०१२ को बजेटको तुलनामा बजारबाट २७ प्रतिशत बढी ऋण लिएको, राज्यकोषको घाटाको भार अर्थतन्त्रले धान्न नसक्ने गरी ठूलो बनाइएको थियो ।’ विश्वव्यापी वित्तीय र आर्थिक सङ्कटको प्रभावलाई कम गर्ने बहानामा, यूपीए सरकारले आफ्नो उधारो विस्तार गर्यो र यसमा अडिग रहेको र यूपीए सरकारले बजारबाट ठूलो परिमाणमा ऋण लिएको र उठेको रकमलाई अनुत्पादक तरिकाले प्रयोग गरेको श्वेतपत्रमा दावी गरिएको छ ।

# लोकतान्त्रिक शासनप्रणालीको छहारीमा नेपाली समाज





**सोमनाथ लामिछाने**
**काठमाडौँ ।**

लोकतन्त्रको न्यानो छहारी सबैका लागि प्यारो हुन्छ । यो आदर्श 'शब्द' मात्र होइन, स्वतन्त्रता र खुलापन चाहने जोकोही जनताको आकाङ्क्षाको उच्चतम रुप पनि हो । हामी एकछिन लोकतन्त्रबिनाको समाज र राष्ट्रको परिकल्पना गरौं । लोकतन्त्र नहुँदाको अवस्थालाई हामी सबैले भन्न थाल्नेछौँ, देश अधिनायकवादतर्फ उन्मूख भयो । बोल्न, लेख्न, सङ्गठित हुन पाइन्न । पाइलैपिच्छे व्यक्तिको गोपनीयता हनन् हुन थाल्छ । लोकतन्त्रका आधारस्तम्भ निकम्मा हुन थाल्छन् र त्यसप्रति आमजनताको भरोशा रहन्न । अन्तर्राष्ट्रिय जगतले पनि यस्तो शासनप्रति बक्र दृष्टि लगाउन थाल्छ । देशको शासन प्रणालीमाथिको अविश्वासले केही सीमित व्यक्तिलाई हित गर्दो हो, तर धेरै जनता यसबाट प्रत्यक्ष र परोक्ष रुपमा प्रताडित हुन्छन् । एक पटक लोकतन्त्रको भोग गरेको समाज पछि फर्कन सक्दैन । अर्थात् यस्तो समाज अधिनायकवाद तर्फउन्मुख हुनै सक्दैन । लोकतन्त्रको विकल्प हामीले सोच्न पनि सक्दैनौं । नेपाली समाज कहिल्यै लोकतन्त्रका विरुद्धमा थिएन, छैन र रहने पनि छैन । २००७ सालदेखिको इतिहास केलाउने हो भने नेपाली जनताको पहिलो र एकमात्र आकाङ्क्षा सुदृढ लोकतन्त्रकै छ । लोकतान्त्रिक चरित्र र गुणविनाका कुनै पनि शासन प्रणालीलाई नेपाली जनताले अस्वीकार गरेका छन् । आज लोकतन्त्रको हुर्मत लिने गरी केही व्यक्ति र समूहले छिटपुट प्रयास गरिरहेको देखिन्छ । लोकतान्त्रिक शासन व्यवस्थाले प्रदान गरेको अवसरलाई दुरुपयोग गरी उनीहरु यही प्रणालीमाथि धावा बोल्न थालेको आभास हुन लागेको छ । लोकतान्त्रिक शासन प्रणाली र संविधानले प्रदान गरेको स्वतन्त्रताको उपयोग गरेर उनीहरु यही व्यवस्था र प्रणालीका विरुद्ध उभिएको मात्र होइन, आर्थिक अराजकता निम्त्याउन र देशको औद्योगिक वातावरण धमिल्याउन उद्यत रहेको पनि देख्न सकिन्छ । विगतमा भएका क्रान्तिले कैयौं व्यक्तिले सहादत प्राप्त गरेको र मुलुकको समृद्धिमा ठेस लागेको हामीले देखेभोगकै हो । अझै पनि मुलुकभित्र अस्थिरता र अराजकता फैलिनु भनेको मुलुकले थप क्षति व्यहोर्नु नै हो । विश्वका गरिब र पछौटेपनबाट ग्रस्त कैयौं देशले विकास र समृद्धिको फड्को मारिसकेका छन्, हामीभन्दा उनीहरु अघि बढिसकेका छन् । हामी अहिले विश्वले नै सही ठहर्याएको लोकतान्त्रिक शासन प्रणालीको छहारीमा छौं । यसलाई नै थप सुदृढ, बलियो र भरोसायोग्य बनाउनुको विकल्प छैन । मुलुक सङ्घीयता सहितको गणतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरिसकेको छ । धर्मनिरपेक्ष राज्यको मूल धर्म भइसकेको छ । देशको मूल कानुनका रुपमा रहेको संविधानको प्रस्तावनामै 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने' उल्लेख छ । लोकतन्त्रको अर्को सुन्दर पक्ष स्वतन्त्रता पनि हो । संविधानले प्रत्येक नेपाली नागरिकलाई 'विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता तथा कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता' प्रदान गरेको छ । वैयक्तिक स्वतन्त्रताबाट बन्चित नगरिने तथा मृत्युदण्ड नदिने जस्ता अकाट्य स्वतन्त्रता नेपाली जनतालाई उपलब्ध छन् । यी स्वतन्त्रताहरुको हनन् भएको अवस्थामा कानुनी उपचार खोज्न पाउने हक पनि संविधानले हरेक नागरिकलाई उपलब्ध गराएको छ ।

संविधानले प्रदान गरेका समानता र स्वतन्त्रताको हक सहित जनअभिमतका लागि खडा गरिएका राजनीतिक तथा प्रशासनिक संरचनाले अविच्छिन्न काम गरिरहेका छन् । सबैलाई थाहै छ, लोकतन्त्र भनेको जनता आफैँले आफैँमाथि गर्ने शासन प्रणाली हो जो स्वतन्त्र निर्वाचनबाट चुनिएको हुन्छ । यही मान्यता र यसकै जगमा मुलुकमा तीनै तहको स्वतन्त्र ढङ्गबाट आवधिक चुनाव हुन थालिसकेका छन् । सङ्घ, प्रदेश र स्थानीय सरकारहरुले आफ्ना काम गरिरहेका छन् । हो, लोकतन्त्रका आधारभूत यी मूल्य मान्यतालाई तिरस्कृत गरेर शासन व्यवस्था चलिरहेको भए त्यसमा खबरदारी गर्न सकिन्छ । चुनाव प्रणालीमा सुधारका लागि दबाब दिन सकिएला । भ्रष्टाचार बढेको र सुशासनमा कमीकमजोरी भए सच्याउन तथा आवधिक चुनाव मार्फत् आफ्नो उपस्थिति बलियो बनाएर परम्परागत शक्तिमाथि दबाब सिर्जना पनि गर्न सकिन्छ । त्यो अवसर हरेक नेपालीलाई उपलब्ध छ । तथापि, नागरिकका जायज गुनासा, सुझाव र विचारलाई गम्भीरतापूर्वक सुनिनु जरुरी छ । देशका विभिन्न भागको भ्रमण गर्दा देख्न सकिन्छ, सडकहरु बन्दै छन्, विद्युत् र टेलिफोनको पहुँच बढेको, कृषि, उद्योग र जलविद्युत् निर्माणमा तिब्रता आएको छ । केन्द्रले प्रदान गर्ने कैयौं सेवा अहिले प्रदेश र स्थानीय तहले प्रवाह गर्न थालिसकेका छन् । तथापि पर्याप्त उद्योग स्थापना र रोजगारी सिर्जनामा कमजोरी भएको अनुभव अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थानकक्षमा लागेको युवाको भिडले देखाउँदैछ, र यस किसिमको विदेश पलायन सबैका लागि चिन्ताको विषय बनेको छ । बेरोजगारीको समस्या हल गर्ने उपाय खोज्ने पनि यही लोकतान्त्रिक प्रणालीबाटै हो । सङ्घीयता कार्यान्वयनमा देखिएका केही जटिलता र अनावश्यक एवम् फजूल खर्च कटौती गर्ने गरी दबाब सिर्जना गर्न यही व्यवस्थाभित्र रहेर आवाज उठाउन सकिन्छ । त्यो अवसर पनि लोकतान्त्रिक शासन व्यवस्थाले नै उपलब्ध गराइरहेको छ । सङ्घीय राजधानीको माइतीघरमा अनेक किसिमबाट पीडित भएका मानिसहरुले दिनहुँजसो शान्तिपूर्ण धर्ना दिएर राज्यको ध्यानाकर्षण गराइरहेका छन् । गतवर्ष पनि मिटरब्याज पीडितहरुले यस्तै शान्तिपूर्ण आन्दोलन गरेका थिए ।

सरकारले राष्ट्रिय सहमति जुटाएर मिटरब्याजसम्बन्धी कानुन नै बनाएर पीडितलाई न्याय दिने र बदमासी गर्नेलाई दण्डित गर्ने प्रयास गरेको थियो । साथै, वर्षौंदेखि नागरिकता प्राप्तिको आशामा रहेका नागरिक र विदेशमा रहेका गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्नेगरी ऐन शंसोधन भएको छ । अझै पनि, संविधानका प्रावधान अनुसारका केही कानुन बनाउन भएको ढिलाइले प्रदेश सरकारको प्रभावकारितामा प्रश्न उठिरहेका छन् । प्रदेश संरचनाले राज्यको खर्च बढाएको र त्यो प्रभावकारी नभएको भन्दै आलोचना पनि भइरहेको छ । तर प्रदेशको प्रभावकारितामा प्रश्न उठाएर वर्तमान लोकतान्त्रिक शासन प्रणालीमाथि नै प्रश्न उठाइहाल्नु पर्ने अवस्था अहिल्यै भएको छैन ।

देशका परिवर्तनकारी प्रमुख राजनीतिक शक्तिहरुले बेलैमा यस्ता विषयलाई सम्बोधन गरी जनतामा विश्वासयोग्य वातावरण बनाउनु उपयुक्त हुन्छ । प्रजातन्त्र दिवसको अवसरमा हामी सबैले पुनः एकपटक विगतका क्रान्ति, आन्दोलनको स्मरण गर्दै नेपाललाई एक समृद्ध राष्ट्र बनाउनेतर्फ अग्रसर हुनुको विकल्प छैन ।

# नेपालीहरु राणाशासनको रैतीबाट सार्वभौम नागरिक बनेको दिन



**एकराज पाठक**
**काठमाडौँ ।**

फागुन ७ नेपालमा एक सय चार वर्षको जहानियाँ र निरङ्कुश राणाशासनको अन्त्य गर्दै लोकतन्त्र स्थापना भएको दिन । नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षबाट मुलुकमा प्रजातन्त्रको उदय भएको ऐतिहासिक दिन । यस दिन मुलुकमा प्रजातन्त्रको स्थापनाका लागि आफ्नो जीवनको आहुति दिने शहीदहरुको स्मरण गर्ने दिन । त्यस्तै नेपाली नागरिकले चुनेका प्रतिनिधिबाट आफूले चाहेको शासन व्यवस्थाको स्थापनाका लागि आधारशिला खडा गरेको दिन पनि । त्यसैगरी फागुन ७ मुलुकमा प्रेस स्वतन्त्रताको ढोका खुलेको दिन । त्यसैले यस दिनलाई नेपालमा गएको सात दशकयतादेखि प्रजातन्त्र दिवसका रुपमा मनाउँदै आइएको छ । अहिलेको विश्व प्रजातान्त्रिक शासन व्यवस्थाको अभ्यासमा छ । अघिल्लो दशक मध्यपूर्वी देशहरुमा आएको प्रजातान्त्रिक आन्दोलनको लहर लोकतान्त्रिक शासन व्यवस्था प्राप्तिको पछिल्लो सङ्घर्षको उदाहरण हो । यो अभ्यास विश्वमा लोकतान्त्रिक शासन व्यवस्था नै नागरिकले चाहेको उत्तम व्यवस्था हो भन्ने एउटा उदाहरण पनि हो । निर्वाचनमार्फत् आफैँले चुनेका प्रतिनिधिहरुको शासन व्यवस्थाको पक्षमा वर्तमान विश्व रहेकाले समय समयमा कुनै देश तथा क्षेत्रमा स्वतन्त्रताको आन्दोलन हुने गरेको समाचार हामीले सुन्ने गरेकै छौँ । नागरिकहरुले आफ्ना आवाज विविध माध्यमबाट मुखरित गरेर लोकतान्त्रिक शासनका पक्षमा वकालत गर्ने गरेका छन् । तर आजभन्दा सात दशकअघिको सङ्घर्षको कुरा गर्दा नागरिकले प्रजातन्त्रका लागि कसरी आफ्ना आवाज बुलन्द गर्न सकेका थिए भन्ने कल्पना मात्र पनि कति कठिन छ । त्यो समयको नेपालका नागरिकमा पनि देशमा प्रजातन्त्रको आवश्यकता छ भन्ने कुराको चेतना सम्मानयोग्य छ । हुन त अहिले पनि प्रजातन्त्रका लागि समय समयमा आन्दोलन हुने गरेको छ र नागरिक सडकमा




आउने गरेका छन् । जस्तो कि विसं २०६२÷६३ को जनआन्दोलनका पनि हामी नै प्रत्यक्षदर्शी मात्र होइन सहभागी नै हौँ । तर आफ्नाविरुद्ध आवाज उठाउनेलाई नै मृत्युदण्ड दिन्थे राणाशासकहरु । चार शहीदलाई दिइएको मृत्युदण्ड यसैको एउटा प्रमाण हो । त्यस्तो अवस्थामा पनि सत्ताविरुद्ध नागरिक सडकमा ओर्लिएर कसरी सङ्घर्ष गरे होलान् ? त्यसैले पनि यो सङ्घर्ष र क्रान्तिको नेपालको राजनीतिक इतिहासमा विशिष्ट र महत्वपूर्णस्थान रहीआएको छ । मुलुकमा प्रजातन्त्रको उदय यही सङ्घर्षको उपज हो । यही क्रान्तिबाट मुलुकमा एक सय चार वर्षसम्म कायम रहेको जहाँनिया राणाशासनको अन्त्य भई प्रजातान्त्रिक, राजनीतिक र संवैधानिक व्यवस्थाको प्रारम्भ भएको थियो । यस दिनलाई नेपाली जनता राणाशासनका रैतीबाट स्वतन्त्र र सार्वभौम नागरिक बन्ने बाटो प्रशस्त भएको दिनका रुपमा लिनुपर्ने हुन्छ । अहिले लोकतन्त्र भनौँ या गणतान्त्रिक व्यवस्थाको ढोका पनि यही परिवर्तनले खोलिदिएको हो । आधुनिक सङ्घीय लोकतन्त्रात्मक गणतान्त्रिक व्यवस्थाको जगको शिला २००७ सालको क्रान्ति हो भन्दा कुनै गल्ती हुँदैन । बरु त्यो सात दशक पुरानो सङ्घर्षको कथा आधुनिक नेपालको स्वतन्त्रता प्राप्तिको आन्दोलनको एक गतिलो प्रेरणा हुनसक्छ । अहिले आ–आफ्ना हातमा रहेका सामाजिक सञ्जालबाट आफ्ना आवाज उठाउने, मिडियाबाटै आन्दोलन गर्ने र असङ्ख्य नागरिकसम्म प¥याउने समाजले २००७ सालको सङ्घर्षको कल्पना मात्र पनि अहिलेको प्रेरणा बन्न सक्दछ । तर इतिहासको अध्ययनले त्यति कठोर र महत्वपूर्ण सङ्घर्षबाट प्राप्त भएको परिवर्तनको उपलब्धिलाई संस्थागत गर्न भने सकेको देखिँदैन । जनताको बलिदानीबाट प्राप्त भएको सो व्यवस्था एक दशक नपुग्दै गुम्न पुगेको थियो । विसं २०१७ को राजा महेन्द्रको प्रतिगामी कदमबाट त्यस समयको शिशु प्रजातन्त्र गुमेर देशमा पुनः दलबिहीन कठोर राजनीतिक व्यवस्थाको सुरुआत भएको थियो । पछि पनि नेपाली नागरिकलाई जनअधिकार पुनःप्राप्तिका लागि पटकपटक सङ्घर्ष गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको हामीले देखे भोगेका छौँ । नेपाली जनताले लोकतन्त्र र समुन्नत समाज स्थापनाका लागि गरेका त्याग र बलिदानको परिणामस्वरुप अहिले देश सङ्घीयता र गणतन्त्रसम्म पुगेको छ । यसैको परिणामस्वरुप समानुपातिक समावेशिता सहितको नयाँ संविधान पनि नेपाली नागरिकले पाएका छन् । त्यसो त नेपाली नागरिकले संविधानसभाबाट आफैँले चुनेका प्रतिनिधिले निर्माण गरेको संविधान पाउने अपेक्षा सात दशक अघि नै गरेका थिए । यो एजेण्डा २००७ सालको परिवर्तनबाट स्थापित भएको भए पनि जनताको त्यो सपना पूरा हुनुको साटो उल्टै २०१७ मा दलबिहीन पञ्चायती व्यवस्थाको स्थापना हुन पुगेको थियो । त्यही व्यवस्थाले मुलुकमा पूरै ३० वर्ष शासन ग¥यो र पुनः २०४६ मा प्रजातन्त्रको पुनःस्थापनाका लागि लड्नुप¥यो । त्यसपछि पनि नेपाली नागरिक २०६२ सालमा अर्को आन्दोलनका लागि जुट्नुपरेको थियो । तर संविधानसभाको निर्वाचनपछि जारी भएको हालको संविधानले लामो समयसम्म एकात्मक र केन्द्रिकृत अवस्थाबाट गुज्रेको शासन व्यवस्थालाई सङ्घीय स्वरुपमा परिवर्तन गरी सिंहदरबारमा रहेको अधिकार, स्रोत र साधनलाई संविधानको भावनाअनुरुप प्रदेश र स्थानीय तहमार्फत् नागरिकसम्म पु¥याएको छ । यो संविधानको मर्मअनुसार शासन व्यवस्था सञ्चालन हुने हो भने यसबाट विभिन्न समुदायको पहिचानको चाहना पूरा हुने मात्र होइन, राज्य प्रणालीमा जवाफदेहीताका साथै राज्यले दिनुपर्ने अवसरबाट बञ्चित भई पछाडि परेका वर्ग र समुदायको पनि पहुँच बढ्न गई समग्र राज्य प्रणालीप्रति जनताको स्वीकार्यता स्थापित हुनेछ । यो व्यवस्थाले दिएको उपलब्धिमा हामीले विर्सनै नहुने अर्को एक महत्वपूर्ण पाटो भनेको नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता पनि हो । विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको उदय भएको भोलिपल्टै राजधानी काठमाडौँबाट पहिलो दैनिक पत्रिका प्रकाशन भयो । देशवासीले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै निजी क्षेत्रबाट अर्थात् कुनै व्यक्तिको पहलकदमीबाट दैनिक पत्रिका प्राप्त गर्नुलाई मुलुकको प्रेस क्षेत्रले एक ऐतिहासिक उपलब्धिका रुपमा लिन सक्दछ । त्यस समयका युवाकवि सिद्धिचरण श्रेष्ठले 'आवाज' नामको दैनिक पत्रिका विसं २००७ फागुन ८ गते प्रकाशन गर्नुभएको थियो । यो दृष्टान्त पनि त्यस समय नागरिक आफ्ना विचार अभिव्यक्त गर्न कति आतुर र इच्छुक थिए भन्ने कुराको एउटा गतिलो प्रमाण हो । मुलुकमा राणाशासन थियो । राणाशासन भनेपछि हाम्रो मानसपटलमा आइहाल्ने एउटा स्मृति हो– क्रुरता र निरङ्कुशता । नागरिकले त्यस शासनविरुद्धमा बोल्न र आफ्ना विचार अभिव्यक्त गर्न पाउँदैनथे । त्यस्तो शासन ढलेर मुलुकले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै दैनिक पत्रिका प्रकाशन गर्न कसरी सम्भव भयो होला ? जबकि राणा शासनको एक सय चार वर्षको अवधिमा करिब १३ वटा पत्रिका प्रकाशन भएका थिए । त्यो पनि अधिकांश अखबार नभई साहित्यिक थिए । राणाशासकको विरुद्धमा गएर कुनै पत्रिका प्रकाशन गर्न सक्ने अवस्था नै नभएकाले प्रायः सम्पादक नै उनीहरूले नै नियुक्त गर्दथे । त्यसको तुलनामा प्रजातन्त्रको अवधिमा हाते पत्रिकासमेत गरी करिब दुई सय पत्रिका प्रकाशन भएका थिए । यसरी अघिल्लो शासनका तुलनामा दश वर्षमै यतिका पत्रिका प्रकाशन हुनु सामान्य कुरा थिएन । देशको प्रेस जगतले यस्तो अभ्यास गर्न पाउने अधिकारको जग वास्तवमा २००७ सालको प्रजातन्त्रपछि बसेको हो । आधुनिक पत्रकारिता तथा प्रेस स्वतन्त्रताको अभ्यासको जग पनि २००७ देखि २०१७ को दशकमा बसेको मान्नुपर्छ । प्रेस स्वतन्त्रताले सदैव देशको राजनीतिक शासन प्रणालीलाई पछ्याएको हुन्छ भन्ने तथ्यको प्रमाण यो भन्दा अर्को केही हुदैन । उदाहरणस्वरुप नेपालकै प्रजातन्त्र र प्रेसको उतारचढावलाई लिन सकिन्छ । जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ र मिडिया फस्टाएको पनि छ । अनि लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको हुन्छ यथार्थ बन्न सक्दैन ।

त्यसैले २००७ सालको प्रजातन्त्रपछि मात्र मुलुकमा स्वतन्त्र प्रेसको शिलान्यास भएको हो भन्दा हुन्छ । प्रजातन्त्र दिवसले देशमा राजनीतिक स्थिरता प्रदान गरी हाल जारी रहेको लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण र संविधानको कार्यान्वयनमार्फत् जनताको जीवन पद्धतिमा गुणात्मक परिवर्तन ल्याउनसक्ने प्रेरणा सबैमा दिन सकोस् । व्यवस्था आफैँमा साध्य होइन साधन हो । यो साधनका माध्यमबाट साध्य सिद्ध गर्नुपर्दछ ।

त्यसका लागि कर्ताहरु आवश्यक पर्दछन् र ती कर्ता अर्थात् पात्र भनेका शासन व्यवस्थामा बस्ने व्यक्ति अर्थात् नेतृत्व हुन् । ती प्रतिनिधिको छनोट गर्ने विधि पनि नेपाली नागरिकले समय समयमा गरेका क्रान्ति तथा सङ्घर्षबाट प्राप्त भएको प्रजातान्त्रिक व्यवस्थाबाटै स्थापित भएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था नै हो । आजका दिनमा यो व्यवस्थालाई दिगो बनाउन र यसैबाट नागरिकका आशा आकाङ्क्षा पूरा गरी समृद्ध मुलुक स्थापना गर्न राजनीतिक नेतृत्वलाई पनि प्रेरणा प्रदान गर्न सकोस् ।


## कम्पनीको नाम परिवर्तन भएको सूचना

**(दोस्रो पटक प्रकाशित मितिः२०८०/११/०७)**

रोजमरी कन्भेन्ट स्कूल धनुषा प्रा.लि. **(Rosemary Convent School DhanushaPvt.Ltd.)** को मितिः२०८०/११/०१ मा सम्पन्न बिशेष साधारण सभाको निर्णयले कम्पनीको नाम परिवर्तन गरी अभिलेखको लागि पठाईएकोमा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मितिः २०८०/११/०२ को निर्णयले प्राप्त स्वीकृति अनुसार साविकको नाम परिवर्तन गरी **शारदा एकेडेमी धनुषा प्रा.लि. (Sharda Academy Dhanusha Pvt.Ltd.)** कायम गरिएको छ । साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्नु ब्यहोर्नुपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शारदा एकेडेमी धनुषा प्रा.लि.**

**जनकपुरधाम उपमहानगरपालिका वडा नं.७, धनुषा**
**फोन नम्बर ९८१७६१९०६९**

प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र जिन्दावाद !

प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्तिका लागि बलिदान हुनु भएका सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धा सुमन !

# ७४ औं प्रजातन्त्र दिवसको



# अवसरमा

# हार्दिक आमन्त्रण



**१०४ वर्षीय क्रूर जहानिया राणा शासनविरुद्ध नेपाली जनताले गरेको संघर्ष र बलिदानको फलस्वरूप २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना भएको आज ७४औं प्रजातन्त्र दिवसको अवसरमा आयोजित**

## प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र

## भ्रष्टतन्त्र ?

## विचार गोष्ठी र सम्मान समारोह



१९९२ साल वैशाख २२ गते राणा शासनका विरुद्ध आ-आफ्नो रगतले हस्ताक्षर गर्ने महान विभूतिहरु:

| | | |
|---|---|---|
| १. रामदुलार साह | २. पं रामाकन्त झा | ३. बोध प्रसाद उपाध्याय |
| ४. देवशंकर गिरि | ५. इन्द्र बहादुर मल्ल | ६. योग कुमार माथेमा |
| ७. बौएलाल झा | ८. कमलाकान्त चौधरी | ९. महंथ गोकुल गिरि |
| १०. महंथ रामलखन दास | ११. पं.रामभद्र झा | १२. अनिरुद्ध प्रसाद सिंह |
| १३. जमुना प्रसाद सिंह | १४.श्रीकन्त ठाकुर | १५. पं.गणेश चन्द्र झा |
| १६.बलभद्र चौधरी | १७.बैद्य असर्फि झा | १८.जगन्नाथ ठाकुर |
| १९.गंगा प्रसाद मण्डल | २०.शेष इस्माईल | २१.गंगेश्वर झा |
| | | २२.गुलाबनारायण झा |

## आयोजक:

## राघवेन्द्र साह

**संयोजक:- जनकपुर बौद्धिक समाज**

**अध्यक्ष:- श्री गोविन्द सेवा समिति**

**अध्यक्ष:-जनकपुरधाम उ.म.न.पा. २३**

## कार्यक्रम:

**मिति: २०८०/११/०७ गते ।**

**समय: बिहान ११:३० बजेदेखि ।**

**स्थान: श्री गोविन्द सेवा समिति**

**दुधमतीपुल बेला, जनकपुरधाम-२३**

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन